# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ कपिलवस्तु

जिल्ला विपद् व्यवस्थापन समिति
कपिलवस्तु

प्राविधिक तथा आर्थिक सहयोग :

नेपाल रेडक्रस सोसाइटी

UNFPA

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७
# कपिलवस्तु




**समन्वय**
नेपाल रेडक्रस सोसाइटी
जिल्ला शाखा, कपिलवस्तु

**प्रकाशक**
जिल्ला विपद् व्यवस्थापन समिति,
कपिलवस्तु

## गुणस्तर र उत्तरदायित्वहरुसँग सम्बन्धित आधारभूत मानवीय मापदण्डहरु




**जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७, कपिलवस्तु**

District Disaster Preparedness and Response Plan 2020/2021, Kapilvastu

दस्तावेज : जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६, कपिलवस्तुको
अध्यावधिक कार्य : २०७७ (२०७७/०७८ का लागि)
प्रकाशक : जिल्ला विपद् ब्यवस्थापन समिति, कपिलवस्तु
प्रकाशन मिति : २०७८
व्यवस्थापन : जिल्ला विपद् ब्यवस्थापन समिति, कपिलवस्तु
सर्वाधिकार : प्रकाशकमा

**जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ को अद्यावधिकका लागि**

प्राविधिक सहयोग : नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाण्डौ।
आर्थिक सहयोग : संयुक्त राष्ट्र संघीय जनसंख्या कोष (UNFPA)

# मेरो भनाई



नेपाल विपद्का दृष्टिले उच्च जोखिम भएका देशहरु मध्ये पर्दछ । देशव्यापी रुपमा हामीहरुले प्रकोपका घटनाहरु भोलिरहेका छौं । विकास निर्माणका कार्य गर्दा जोखिम न्यूनीकरणलाई ध्यान नपुऱ्याउनु, जलवायु परिवर्तनका असर तथा प्रभाव बारे ध्यान नपुऱ्याउनु, गुणस्तरीय भौतिक पूर्वाधारको विकास नहुनु, भूकम्प प्रतिरोधी भौतिक संरचनाको निर्माण नगरिनु, जोखिम क्षेत्रको पहिचान तथा बस्ती स्थानान्तरण नगरिनु, भू-उपयोग योजना नबनाइनु, विपद् पूर्वतयारी तथा सावधानी नअपनाईनु, विपद् न्यूनीकरणमा पर्याप्त मात्रामा लगानी नगरिनु, विपद् व्यवस्थापनमा सूचना प्रविधिको उपयोग कम हुनु, विपद्को दीर्घकालीन तथा स्थायी समाधान नखोजिनु तथा सरोकारवाला पक्षहरुबीच उचित समयमा उचित समन्वय हुन नसक्नु जस्ता कारणहरुले गर्दा विपद्का घटनाहरु हुने गरेका छन् ।

सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विपद् व्यवस्थापनको कार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले गर्नुपर्ने कामहरुको स्पष्ट जिम्मेवारी तोकिएका छन् । विपद् व्यवस्थापनका लागि विभिन्न नीतिगत, कानुनी, संरचनागत व्यवस्था गरिएका छन् । सेण्डाई कार्यढाँचा २०१५-२०३० अनुसार नेपालले पनि राष्ट्रिय नीति र रणनीति तय गरिसकेको छ । उक्त कार्यढाँचाका सात वटा लक्ष्यहरु र चार वटा प्राथमिकताका क्षेत्रहरुलाई ध्यानमा राखी विपद् व्यवस्थापनका कामहरु गर्नुपर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले तीन तहका सरकार, प्राधिकरण, विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय र प्रतिष्ठानले गर्नुपर्ने कामहरुको स्पष्ट व्यवस्था गरेको छ । यसरी संस्थागत व्यवस्था हुँदाहुँदै पनि विपद् जोखिम न्यूनीकरण र विकासका कार्यमा तालमेल नहुँदा, पूर्व तयारीमा लगानी बढाउन र विशेष कार्य गर्न नसक्दा वर्षेनी ठूलो परिमाणमा जनधनको क्षति भोग्नु परेको छ ।

यस जिल्लाका दश वटै स्थानीय तहहरुले विपद् व्यवस्थापनको लागि कोष खडा गरेको पाइन्छ । विपद् पूर्व तयारी तथा विपद् पश्चातका पुनर्लाभका चरणहरुमा स्थानीय सरकारको भूमिका प्रभावकारी रहनु पर्दछ ।  भौतिक संरचना निर्माण गर्दा भवन संहिता, निर्देशिका तथा मापदण्डको पालना गराउने, स्थानीय तहका पदाधिकारी, कर्मचारी, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिने, समुदायस्तरमा विपद् पूर्व तयारी तथा प्रति कार्य समिति गठन गर्ने, विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने, राहत मापदण्ड तयार गर्ने, जस्ता कार्यहरु स्थानीय सरकारले गर्नु अपरिहार्य हुन्छ । जिल्लाभित्र जोखिम रहेका स्थानको पहिचान तथा विगतका प्रकोपका घटनाहरु समेतको विश्लेषण गरी स्थानीय तह, जिल्लास्थित सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु, युएनएफपीए, नेपाल रेडक्रस सोसाइटी, विपद्का क्षेत्रमा क्रियाशील संघ संस्था, संचार

कर्मी, संचारगृह, नागरिक समाज, आदिको सहयोगमा आ-आफ्नो क्षमताको विश्लेषण, मौज्दात सामग्रीहरुको लगत तयारी तथा आवश्यक पर्ने सामग्रीहरुको अनुमान गरी यस जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि प्रस्तुत योजना तयार गरिएको छ । यस योजना कार्यान्वयनका लागि प्रदेश र केन्द्रको आवश्यक समन्वय र सहयोग आवश्यक रहन्छ नै । विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चातका क्रियाकलापहरुलाई प्रभावक( ारी बनाउन, विपद्को समयमा उपलब्ध हुनसक्ने श्रोत साधनको आंकलन गरी यस्ता श्रोत साधनको बारेमा सबै क्षेत्रलाई सही सूचना दिई विपद्को समयमा आ-आफ्नो जिम्मेवारी बोधका साथ समन्वयात्मक रुपमा परिचालित हुन र गर्न सजिलो होस् भन्ने हेतुले राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा र योजना तर्जुमा निर्देशिका बमोजिम यो "विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७" तर्जुमा गरी प्रकाशन गरिएको छ । यो योजना विगतका योजनालाई परिमार्जन गरी बनाइएको छ । गत वर्षका योजनामा कोभिड १९ जस्तो महामारीको अवस्था थिएन । यस महामारीबाट बच्नका लागि यस वर्षका हाम्रा योजना तथा कार्यक्रममा यस विषयलाई महत्वका साथ लिनु पर्ने देखिन्छ । यस जिल्लामा पनि संक्रमण रोकथाम तथा न्यूनीकरण सम्बन्धी पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिदैं आएको छ ।

यस जिल्लाको "विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७" को तयारी गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहका जनप्रतिनिधिज्यूहरु, जिल्लास्थित सुरक्षा निकायहरु, राजनैतिक दलहरु, विषयगत क्षेत्रसँग सम्बन्धित कार्यालयहरु, युएनएफपीए, नेपाल रेडक्रस सोसाइटी, कपिलवस्तु शाखा लगायत पत्रकार महासंघ, गैरसरकारी संस्था महासंघ जिल्ला शाखा, विपद्का क्षेत्रमा संलग्न अन्य संघ संस्थाहरु, नागरिक समाज, मस्यौदा परिमार्जन उपसमिति लगायत सम्बद्ध सबैमा विशेष आभार प्रकट गर्दै सरोकारवाला सबै पक्षको सहभागितामा तयार गरिएको यस योजनामा समाविष्ट गरिएका प्रतिबद्धताको अक्षरशः पालना हुनेछ भन्ने विश्वास लिएको छु । विपद्को लागि विनियोजन गरिएका साधन, स्रोत तथा रकम विपद्को समयमा परिचालन गर्न सकिने गरी चुस्त दुरुस्त अवस्थामा राखी निर्मित योजनाको कार्यान्वयनबाट जिल्लाबासीको जीउधनको रक्षाका लागि कोशेढुंगा सावित हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

**चक्रपाणी पाण्डे**
प्रमुख जिल्ला अधिकारी
तथा
अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति
कपिलवस्तु

# बिषय सूची


विषय पेज नं.

१. **पृष्ठभूमि**

१.२. जिल्लाको चिनारी

१.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुको उद्देश्य

१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता

१.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा

२. **बिपद पूर्बतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा**

३. **विपद् पूर्बतयारी योजना र विपद् सम्बन्धी कार्य गर्ने निकायहरु**

३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची

३.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

३.३ विभिन्न वैठक तथा निर्णयहरु

३.४ आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान :

३.५ विपद जोखिम विश्लेषण

३.६ जिल्लामा आ.व.२०७६।७७ मा घटेका विपद्का घटनाहरु र क्षतिको विवरण

३.७ विपद्को विगतको अवस्था र संभावना

३.८ विषयगत क्षेत्रको पहिचान तथा निकायगत भूमिका र जिम्मेवारी

३.९ विषयगत क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरण

४. **विषयगत विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना**

४.१ बिषयगत क्षेत्र-खोज तथा उद्धार, समन्वय र सुचना (Search and Rescue)

४.२ बिषयगत क्षेत्र-आवास तथा गैर खाद्य सामग्री (Shelter &Non-FoodItems)

४.३ बिषयगत क्षेत्र-स्वास्थ्य तथा पोषण (Health and Nutrition)

४.४ बिषयगत क्षेत्र-शिक्षा (Education)

४.५ बिषयगत क्षेत्र-संरक्षण (Protection)

४.६ बिषयगत क्षेत्र-खानेपानी, सरसफाई तथा स्वच्छता (WASH)

४.७. बिषयगत क्षेत्र-कृषि, खाद्य तथा जिविकोपार्जन (Agriculture, Food & Livelihood)

४.८ बिषयगत क्षेत्र-राहत तथा पुन निर्माण (Reconstruction/Rehabilitation and Relief)

५. **भूकम्पीय जोखिम न्यूनिकरणका लागि पुर्वतयारी तथा प्रतिकार्य योजना**

५.७ भुकम्पिय विपद् प्रतिकार्य तालिका

६. कार्यान्वयन तथा पुनरावलोकन रणनीति कार्यान्वयन समय तालिका

७. प्रतिवेदन तथा अभिलेखन र सूचना प्रवाह

८.	अनुसूचीहरु

अनुसूची १.	मानवीय क्षेत्रमा कार्यरत संस्थाहरु
अनुसूची २.	जिल्लामा उपलव्ध एम्बुलेन्स सेवाहरु
अनुसूची ३.	दमकल सेवाहरु
अनुसूची ४.	खाद्य तथा गैरखाद्य सामग्रीको लागि सम्पर्क संस्थाहरु
अनुसूची ५.	हेलिप्याडहरु भएका स्थान
अनुसूची ६ :	आपतकालीन आश्रय स्थलहरु
अनुसूची ७ :	समूदाय तथा कार्यालयहरु रहेका उद्धार सामाग्रीहरु
अनुसूची ८:	सर्पदशं उपचार केन्द्र
अनुसुची ९ :	विपद् सम्पर्क व्यक्तिहरु
अनुसूची १० :	रक्तसंचार केन्द्र
अनुसूची ११ :	स्थानिय तहमा रहेको स्वास्थ्य चौकीहरु
अनुसूची १२ :	सुरक्षा निकायसँग भएका खोज तथा उद्धार सामाग्रीहरु
अनुसूची १३ :	जिल्लामा संचालित ईन्धन पाम्प
अनुसूची १४ :	अस्थायी आश्रय स्थानका लागि पहिचान भएका खुल्ला स्थान
अनुसूची १५ :	मौसमी पूर्वानुमानमा आधारित बाढी पूर्वचेतावनी सूचक
अनुसुची १६ :	सम्भावित विपद् ब्यवस्थापनमा अपनाउनुपर्ने सावधानीबारे जानकारी पात्रो
अनुसूची १७ :	मनसुन प्रतिकार्य तालिका
अनूसुची १८ :	पुर्व सचेतना सुचना संजाल
अनुसूची १९ :	आगलागी पूर्वतयारी तथा प्रतिकार्य योजना
अमुसूची २०:	दैनिक/साप्ताहिक प्रतिवेदन फाराम
अनुसूची २० :	सन्दर्भ सामाग्रीहरु

# शब्द संक्षेप

| | |
|---|---|
| जि.वि.ब्य.स | जिल्ला विपद् ब्यवस्थापन समिति |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| DDMC | District Disaster Management Committee |
| CDO | Chief District Officer |
| जिसस | जिल्ला समन्वय समिति |
| उमनपा | उपमहानगरपालिका |
| नपा | नगरपालिका |
| जिसअ | जिल्ला समन्वय अधिकारी |
| जि.पु.का. | जिल्ला पुर्वाधार विकास कार्यालय |
| शि.स.अ. | शिक्षा विकास समन्वय अधिकारी |
| शि.वि.स.इ.. | शिक्षा विकास तथा समन्वय इकाई |
| स्वा.का. | स्वास्थ्य कार्यालय, कपिलवस्तु |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रउ | प्रहरी उपरीक्षक |
| सप्रउ | सशस्त्र प्रहरी उपरीक्षक |
| सप्रनाउ | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| प्रनाउ | प्रहरी नायब उपरीक्षक |
| प्रनि | प्रहरी निरीक्षक |
| मवासाविअ | महिला बालबालिका तथा सामाजिक विकास अधिकृत |
| मबासाविशा | महिला बालबालिका तथा सामाजिक विकास शाखा |
| सप्रब | शसस्त्र प्रहरी बल |
| स्थासअ | स्थानिय समन्वय अधिकारी |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| DLSA | District Lead Support Agency |
| DEOC | District Emergency Operation Center |
| NEOC | National Emergency Operation Center |
| PEOC | Province Emergency Operational Center |
| UNFPA | United Nation Population Fund |
| UNICEF | United Nations Children's Fund |
| SCI | Save the Children Nepal |
| WHO | World Health Organization |
| FNJ Kapilvastu | Federation of National Journalist KapilvastuBranch |
| D-WASH CC | District Water Sanitation and Hygiene Coordination Committee |
| L-WASH CC | Local level Water Sanitation and Hygiene Coordination Committee |
| DHO | District  Health Office |
| NRCS | Nepal Red Cross Society |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Initial Rapid Assessment |
| CSDA | Cluster Specific Details Assessment |
| PDNA | Post Disaster Need Assessment |

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७

## १.पृष्ठभूमिः

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरूमध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढिको हिसाबले ४० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौ जोखिमपूर्ण देशको रूपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रूपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रूपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ्ग, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिवारहरू प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरूबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरूको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ४ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेकोछ ।

विपद्को कारण नेपालले हरेक बर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ । त्यसै गरेर नेपालको विकास दर ४ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ । कमजोर भु–बनोट, जटिल भुगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन् । अझैपनि यस्तै प्रकृतिका भूकम्पहरू आउने अनुमान गरिदै छ । यस्तै हरेक बर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरूमा आउने बाढीहरू पनि विपद्का उदाहरणहरू हुन् ।

विपद् व्यवस्थापन र उद्धार कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रूपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो । यस विश्व सम्मेलनलाई ह्योगो सम्मेलन र सो सम्मेलनद्वारा जारी गरिएको घोषणापत्रलाई ह्योगो घोषणापत्र (Hyogo Declaration) तथा कार्य योजनालाई ह्योगो कार्य योजनाको (Hyogo Framework Plan of Action) नामले चिनिन्छ । त्यस अवसरमा नेपालले विपद् न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अध्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरूलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्तो कुराहरूमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । सन् २००५ मा १६८ राष्ट्रहरूले तयार गरेको Hyogo Frameworkको सिकाइ अनुभव पश्चात सन् २०१५ मार्च १८ मा जापानको सेन्डाईमा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दिष्ट छन् । नेपाल सरकारबाट स्वीकृत गरिएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्य योजना २०१८-२०३०, विपद् जोखिम न्यूनिकरण राष्ट्रिय २०७५, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७५मा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness),प्रतिकार्य (Response)तथा पुनर्लाभ (Recovery)सम्बन्धी कार्यक्रममा व्यवस्थित रुपमा समावेश गर्नेसमेत उल्लेख गरिएको छ । विपद्को सवाल भनेको राहत र उद्धारसँग मात्र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक बिषयहरूसँग यसको प्रत्यक्ष सम्बन्ध छ ।

यस्तै संवेदनशील सवालहरुलाई हृदयगम गरी विपद् व्यवस्थापनका गतिबिधिहरुलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ । यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद् व्यवस्थापनका गतिबिधिहरुलाई बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र

सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

यिनै कुराहरुलाई मनन् गरी खतरा तथा संङकटासन्नता, विपद् प्रभावित गाउँपालिका तथा नगरपालिकाहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको क्षमता र सहभागिता सुनिश्चित गर्दै जिल्लास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई बलियो बनाउने र विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म प्रभावकारी बनाउने प्रयासस्वरुप कम्तीमा जिल्ला तहमा निर्माण गरिएको जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ लाई अद्यावधिक गरी २०७७ प्रकाशन गर्नुको प्रमुख लक्ष्य हो ।

नेपाल संविधानको धारा २९६ को उपधारा १ बमोजिमको ब्यवस्थापिका संसदले बनाएको विपद् जोखिमन्यूनीकरण तथाव्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को धारा १६ बमोजिम गठित यस कपिलवस्तु जिल्लाको जिल्लाविपद् व्यवस्थापन समितिको कामकर्तब्य र अधिकार अन्तरर्गत जिल्लाको विपद् प्रतिकार्य योजनातयार गरी लागू गर्ने, गराउने बमोजिमयो योजनातयार भएको छ ।

## १.२ जिल्लाको चिनारी

कपिलवस्तु जिल्ला नेपालको साविक पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत लुम्बिनी अञ्चलको ६ जिल्लाहरुमध्ये तराईमा पर्ने एक जिल्ला हो । देशको राजनैतिक तथा प्रशासनिक परिवर्तन पश्चात यो जिल्ला लुम्बिनीप्रदेश अन्तर्गत रहेका १२ वटा जिल्ला मध्ये तराइेको एक जिल्ला हो जसमा १० वटा स्थानीय तहहरु रहेका छन । २७ डिग्री २५ मिनेटदेखि २७ डिग्री ४९ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ४१ मिनेटदेखि ८४ डिग्री १४ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्लाको कुल क्षेत्रफल १७४८ वर्ग कि.मि.रहेको छ । नेपालको मानचित्रमा यस जिल्लाको पूर्वमा रुपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारतकोउत्तरप्रदेश तथा पश्चिममा दाङ जिल्ला रहेका छन । जिल्लाको पूर्वपश्चिम सरदर लम्बाई ४४.५माईल र उत्तर दक्षिण चौडाई २० माईल रहेकोपाईन्छ । कपिलवस्तु नामाकरणका सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचिनकालमा कौशल देशका राजा अशोकका सन्तानहरु उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी ऋषिको आश्रममा पुगे । उनीहरुले आफ्नो बृत्तान्त उल्लेख गरेपछि ऋषिलेनजिकको सालको जंगल फाँडी बसोबास गर्न सल्लाह दिए अनुसार कालान्तरमा घना बस्ती हुन गएकोले कपिवत्थुहुँदैकपिलवस्तु नामाकरण हुन गयो। राजा शुद्धोधनको दरवार तथा भगवान गौतम बुद्धको बाल्य कृडास्थल तिलौराकोट जिल्लाको प्रमुख पर्यटकिय स्थलको रुपमा रहेको छ ।

### क) यस जिल्लाको जलवायु,भू-बनोट तथा माटोको बनोटको बारेमा संक्षिप्त जानकारी

#### १) जलवायु :

यस जिल्लामा गर्मीमा तातो हावा (लु) चलेको बखत अधिकतम ४४ डिग्री सेल्सियससम्म पुग्दछ भने जाडोमा ४.५ डिग्री सेल्सियससम्म तापक्रम तल झर्ने गरेको पाइन्छ । साथै यस जिल्लामा औसतवार्षिक वर्षा १,५०० मिलिलिटर रहेको छ (जि.कृ.वि.का, २०) । चैत्र महिनादेखि असोजको प्रारम्भसम्म निकै गर्मी, असोज, कार्तिक र फाल्गुणमा समसितोष्ण तथा बाँकी तीन महिना (मंसिर, पुष र माघ) मा ठण्डी हुनेगर्दछ । यसरी यो जिल्लाको हावापानी मौसम अनुसार विविध र विषम किसिमको रहेको छ ।

#### २) भू-क्षेत्र टोपोग्राफी, भिरालोपनः

उत्तरमा चुरे पर्वतको श्रृङ्खलामा पर्ने चारकोसे झाडि र दक्षिणमा तराईको समथर भूमी तथा अनेकौं नदी-नाला, अमूल्य वन सम्पदा र वन्य जन्तुहरु समेत प्रशस्त पाइने यस जिल्लालाई भू वनावटका आधारमातीन भागमा बाँड्न सकिन्छ ।

#### २.१) उत्तरी भागको चुरे डाँडाः

यो पहाड पूर्व पश्चिम तर्फ फैलिएर बसेको छ । उत्तरी क्षेत्रको चुरे समुद्रीसतहदेखि १००० फिटसम्मको उचाईमा पर्दछ ।

*श्रोत : कपिलबस्तु जिल्लाको पार्श्वचित्र २०७४*

### २.२) मध्य भागको भावर प्रदेशः
यस जिल्लाको चुरे पहाडको फेदीबाट विस्तारै भिरालो पर्दै दक्षिण तिर योप्रदेश पर्दछ ।

### २.३) दक्षिणको समथर भूमी (तराई प्रदेश):
भावर प्रदेश देखि दक्षिणमा भारत सम्म सिमाना जोडिएको भूभागसम्मको समथर भूमि तराईप्रदेशमा पर्दछ । यसको उचाई समुद्रको सतहबाट अधिकतम ७०० फिट पर्दछ । बाणगङ्गा नदीले यस जिल्लालाई २ भागमा विभाजित गरेको छ ।

### ख) आधारभुत जनसांख्यिक विवरण

| क्र.सं. | विवरण | एकाई | मान |
|---|---|---|---|
| | कूल जनसंख्या | जना | ५७१९३६ |
| | पुरुष | जना | २८५५९९ |
| | महिला | जना | २८६३३७ |
| | कुल घरपरिवार संख्या | वटा | ९१३२१ |

*श्रोत : कपिलबस्तु जिल्लाको पार्श्वचित्र २०७४*

### १.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्नुको उद्देश्य :
विपद्को समयमा मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन यस योजनालाई अद्यावधिक गर्नुको मूल उद्देश्य हो ।

१) प्रकोपका कुनैपनि घटनाबाट हुनसक्ने विपद् र त्यसबाट सिर्जित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्वयोजना तर्जुमा गर्ने ।

२) विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमबद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।

३) विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तर्राष्ट्रिय गैससहरुसँग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्नसक्ने क्षमताको पहिचान गर्न ।

४) विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

५) विपद् प्रतिकार्यका लागि प्रतिकार्यलाई प्रणालीलाई सहज तरिकाले प्रतिकार्य गर्नका लागि नेरेसोले निर्माण गरेको बाढी तथा भूकम्प प्रतिकार्य योजनालाईसमेत यसै योजनामा समाहित गरी आकस्मिक प्रतिकार्य योजनाको रुपमा प्रयोग गर्ने ।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नुपर्ने आवश्यकता :
विपद्को समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न बनेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई समय अनुकूल बनाउन तथा समय अनुसार श्रोत साधनमा हुने फेरबदल अनुसारको प्रतिकार्य योजना बनाउन यस अघि बनेको प्रतिकार्य योजनालाई अद्यावधिक गर्नुपर्ने हुन्छ ।

- प्रतिकार्य योजना अद्यावधिक गर्दा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरुसमेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता आउँछ ।
- विपद्को जोखिम कम गर्न, मिलेर काम गर्न, विपद्मा आउने श्रोतलाई विकेन्द्रीत गरी क्षेत्रगत रुपले परिचालन गर्न विपद् प्रतिकार्य योजनाले मद्दत गर्छ ।
- प्रभावित समुदायलाई प्रकोपको पूर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन समेत दिन्छ ।
- विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।

- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।
- साथै २०७१ र २०७४ को श्रावण महिनामा पश्चिम नेपालका जिल्लाहरुमा आएको बाढी र २०७२ को गोरखाको विनाशकारी भूकम्पबाट सिकिएका पाठका आधारमा भूकम्प तथा बाढी आकस्मिक प्रतिकार्य योजना निर्माण गरी पूर्वतयारीका कार्यलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।
- नेपाल रेडक्रस सोसाईटी कपिलवस्तु जिल्ला शाखाले तयार गरेको बाढी तथा भुकम्प सम्बन्धी विपद् आकस्मिक योजना (Contingency plan) ले समेत जिल्लाको समग्र प्रतिकार्य प्रणालीलाई प्रभावकारी बनाउन मद्दत गर्दछ ।
- वाढी तथा भूकम्पीय प्रतिकार्य तालिकाको आधारमा विपद्को समयमा जिल्ला स्थित सरोकारवाला निकायहरु प्रतिकार्यमा क्रियाशिलतामा बृद्धि भई प्रभावकारी प्रतिकार्यका गतिविधि संचालनमा मद्दत गर्दछ ।

### १.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिकको क्षेत्र र सीमा :

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरिनुका सिमा र यस योजनाका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।

- जिल्लास्तरीय विपद् पूर्वतयारी योजनालाई बार्षिक रुपमा अद्यावधिक गर्ने गरिएको छ ।
- यस विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्दा विपद् व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरणका लागि बनेको ऐन २०७४(प्रथम संशोधन २०७५), स्थानीय सरकार संचालनका लागि बनेको ऐन २०७४, विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०४०, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय निति २०७५, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६), जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका २०६९ तथा राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७०(प्रथम संशोधन २०७५), विपद् पुनर्बास सञ्चालन कार्यविधी २०७१ को परिधि तथा नेरेसो बाढी तथा भूकम्प आकस्मिक योजना २०७६ लाईसमेत समेटी तयार गरिएको छ ।
- यस योजनाले विपद्को पूर्वतयारी तथा प्रतिकार्य कसरी गर्ने बिषयलाई मात्र समेट्छ । स्थानीय तहमासमेत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनका लागि सहयोगी भूमिका रहन सक्नेछ ।
- यो विपद् प्रतिकार्य योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप क्षेत्रगतअवधारणा (Cluster Approach) र नेपाल सरकारले कार्यान्वयनमा ल्याएको विपद् ब्यवस्थापन ऐन अनुसार स्थानीय तहलाईसमेत समेटीअद्यावधिक गरिएको छ ।
- विपद् परेको अवस्थामा अद्यावधिक गरिएको योजनाले विपद्मा आवश्यक पर्ने श्रोत संकलन तथा परिचालनमा विषयगत सहयोगी निकायको पहिचानमा सहयोग मिल्ने देखिन्छ ।
- अद्यावधिक गरिएको प्रतिकार्य योजनाको कार्यान्वयनले जिल्लास्थित संघसंस्थाहरुले क्षेत्रगत रुपमा जनशक्ति तयार गर्न सक्नेछन् ।

## २. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो, साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यस योजनाका विशिष्ट नतिजा निम्नअनुसार छन् :

१) विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्यूनीकरणका कार्य सुनिश्चित हुनेछन् ।

२) विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।

३) विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ ।

४) उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ ।

५) सामाजिक, साँस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भई विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।

६) क्षेत्रगत रूपमा कामका बाँडफाँडहुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास हुनेछ ।

७) सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।

८) जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।

९) बिषयगत क्षेत्रहरुको बाढी, भूकम्प र आगलागीको आकस्मिक योजना निर्माणभई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।

१०) विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अविलम्बन गर्न सजिलो पार्नेछ ।

११) जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुनेछ ।

१२) स्थानीय तहमा विपद् आपत्कालीन कार्यसंचालन केन्द्र स्थापन भई कार्यान्वयनमा आउने र विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सहज हुनेछ ।

१३) विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।

१४) विपद्को समयमा स्थानीयतह तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढन सहज हुनेछ ।

१५) यस जिल्ला भई बहने नदी प्रणालीहरुमा बाढी पूर्वसूचना प्रणाली स्थापना भई कार्यान्वयनमा आई बाढी पूर्वसूचना प्रणालीलाई जिल्ला तथा स्थानिय आपत्कालीन कार्यसंचालन केन्द्रसम्म बाढी तथा मौषम पूर्वानुमान सम्वन्धी सूचना आदानप्रदान हुनेछ ।

## ३. विपद् पूर्व तयारी योजना र विपद् सम्बन्धी कार्य गर्ने निकायहरु :

कपिलवस्तु जिल्लामा मानवीय सहायताको क्षेत्रमा विभिन्न सरकारी तथागैर सरकारी संघ संस्थाहरु कार्यरत छन । मानवीय राहततथा सहयोगको क्षेत्रमा जिल्ला विपद् व्यवस्थापन/जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपालप्रहरी, सशस्त्रप्रहरी, गा.पा.तथा न.पा.अर्न्तगतका स्थानिय विपद् व्यवस्थापन समितिहरु, जिल्ला स्वास्थ्य कार्यालय, आदि सरकारी निकायहरु हुन्भने नेपाल रेडक्रस सोसाइटी, यूनिसेफ, यूएनएफपीए, पत्रकार महासंघ, गैसस महासंघ, यूनाईटेड मिशन टु नेपालकपिलवास्तु, दलित सामाजिकविकास केन्द्र,इन्द्रेणी, कालिका, सिद्धार्थ, सनसाइन, सहज नेपाल, आदि गैरसरकारी क्षेत्रबाट कार्यरत संस्थाहरु हुन् । कपिलवस्तु जिल्लामाप्रत्यक्ष रुपमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुको विवरण तलदिइएको छ ।

### ३.१ मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स,फोन, इमेल) |
|---|---|---|---|---|---|
| | जिल्ला प्रशासन कार्यालय | खोज उद्धार, समन्वय | जिल्ला भित्र | प्र.जि.अ. | ९८५७०३७७७७ daokapilvastu@gmail.com |
| | जिसस | पुनर्निर्माण, पुनस्थापना, राहत | जिल्ला भित्र | प्रमुख जि.स.स | ०६७५६००२७, ५६००७२, ५६०००५ ict.ddckapilvastu@gmail.com |
| | नेपाली सेना | खोज तथा उद्धार | जिल्ला भित्र | प्रमुख सेनानी | ९८५१२४२०४५ |

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स,फोन, इमेल) |
|---|---|---|---|---|---|
| | नेपाल प्रहरी | खोज तथा उद्धार | जिल्ला भित्र | प्रहरी उपरीक्षक . | ९८५७०८५५५५ |
| | सशस्त्र प्रहरी बल हे क्वा. २८ नं गण | खोज तथा उद्धार | जिल्ला भित्र | स.प्र.उ. | ०७६५६१०५९ |
| | कपिवलस्तु न.पा | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | कपिवलस्तु न.पा | किरण सिंह, नगर प्रमुख | ९८४७०८३८५५ |
| | बुद्धभूमि न.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | बुद्धभूमि न.पा. | केशव कुमार श्रेष्ठ, नगर प्रमुख | ९८५७०५०२९० |
| | वाणगङ्गा न.पा | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | वाणगङ्गा न.पा | मंगल प्रसाद थारु,नगर प्रमुख | ९८५७०५४०२० |
| | महाराजगंज न.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | महाराजगंज न.पा. | अब्दुलकलाम, नगर प्रमुख | ९८५७०५६८८६ |
| | शिवराज न.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | शिवराज न.पा. | नेत्रराज अधिकारी, , नगर प्रमुख | ९८५७०२४०४ |
| | बिजयनगरगा.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | बिजयनगरगा.पा. | गोपालबहादुर थापा मगर | ९८५७०५५१०४ |
| | याशोधरागा.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | याशोधरागा.पा. | गिरजेश कुमार पाण्डेय, अध्यक्ष | ९८५७०५२६९९ chairperson@yasodharamun.gov.np |
| | कृष्णनगर न.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | कृष्णनगर न.पा. | रजतप्रतापशाह, नगर प्रमुख | ९८४७५४८५५५ |
| | मायादेवीगा.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | मायादेवीगा.पा. | बजरंगीप्रशादकुमी, , अध्यक्ष | ९८५७०५३९९९, ९८०६९४३८३४ |
| | सुध्दोधनगा.पा. | विपद् पूर्व तयारी तथा प्रतिकार्यका सबै कार्य | सुध्दोधनगा.पा. | निसार अहमदखाँ, नगर प्रमुख | ९८१६४८६७८७ |
| | डिभिजन वन कार्यालय | आपत्कालीन आश्रयस्थलका लागि काठको व्यवस्थापन | संपूर्ण जिल्ला | इश्वरी पौडेल | ९८५७०५१०१४ |
| | शिक्षा विकाश तथा समन्वय ईकाइ | शिक्षा | जिल्ला भित्र | थानेश्वर घिमिरे | ९८५७०५१६२५ |
| | कृषि ज्ञान केन्द्र | कृषि तथा जिविकोपार्जन | जिल्ला भित्र | रामगोबिन्द | ९८६७१४८९११ |
| | जिल्ला स्वास्थ्य कार्यालय | स्वास्थ्य तथा पोषण | जिल्ला भित्र | हेमराज पाण्डे | ९८६७२२५१२० |

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स,फोन, इमेल) |
|---|---|---|---|---|---|
| | भेटनरी अस्पताल तथा पशु सेवाबिज्ञ केन्द्र | पशु विकास | जिल्ला भित्र | श्रवण कुमार चौधरी | ९८४८०३२७१२ |
| | सिंचाई बिकास डिभिजन कार्यालय | सिंचाई | जिल्ला भित्र | डि.ई. | |
| | खानेपानी संस्थान | खानेपानी तथा सरस्फाइ | जिल्ला भित्र | सन्तोष शाह | ९८४१०५१७०१० |
| | नेपाल रेडक्रस सोसाइटी | गैरखाद्य सामाग्री सहयोग, अस्थायी आश्रय स्थल निर्माण | जिल्ला भित्र | सभापति | ०७६ ५६००१५ |
| | यू.एम.एन. | जिविकोपार्जन, शिक्षा, स्वास्थ्य, प्रकोप जोखिम न्यूनीकरण, शुशासन | यशोधरा तथा मयांदेवि गा.पा. | रुप कुमार बि.क.,क्लष्टर टिम लिडर | ९८५११४०६२६ |
| | युनिसेफ | महिला तथा बालबालिका | जिल्ला भित्र | प्रकाश कैनी | ९८५१०१४८०८ |
| | यूएनएपपिए | महिला तथा बालबालिका संरक्षण क्षेत्र | जिल्ला भित्र | चित्र महतो | ९८०१०५६१४८ ९८५७०५०३१३ |
| | पत्रकार महासंघ | सूचना तथा सञ्चार | जिल्ला भित्र | किरणमान बज्रचार्य | ९८४७०६११९७ |
| | गै.स.स. महासंघ | सामाजिक विकास | जिल्ला भित्र | प्रवीन श्रीवास्तव | ९८५७०५०४०८ |
| | इन्द्रेणी / DCA | प्रकोप जोखिम न्यूनीकरण | ,, | प्रदीप शाह | ९८५७०२१२३३ |
| | कालिका स्वा. सा.केन्द्र | सामाजिक विकास | ,, | अरुण थापा मगर | ९८५१२५८३३६ |
| | सिद्धार्थ सा.वि.के. | सामाजिक विकास | ,, | तेज प्रसाद आचार्य | ९८५७०५०७०७ |
| | माहुरी होम | मनव अधिकार | ,, | रविन्द्र नाथ ठाकुर | ९८५७०२२०३८ |
| | सहज नेपाल | सामाजिक विकास | ,, | सी बी गहतराज | ९८५७०५०७८४ |
| | माउण्ट एभरेष्ट | सामाजिक विकास | ,, | सरोज खनाल | ९८४७०४८८१५ |
| | आइ एन एफ | सामाजिक विकास | ,, | कृष्ण खडका | ९८४५७२१३१४ |
| | सनशाइन सा.वि.के | संचार तथा बालबालिका | ,, | तुलसी राम यादव | ९८४७०५२७७९ |
| | दलित सामाजिक विकास केन्द्र | सामाजिक विकास | जिल्ला भित्र | राम शहन रैदाश | ९८५७०५११५८ |
| | कपिलवस्तु संस्थागत विकास संस्था | सामाजिक विकास | जिल्ला भित्र | बिश्वराज रेग्मी | ९८४७०५२५८४ |
| | KIDS | सामाजिक विकास | जिल्ला भित्र | कृष्ण कुमार द्विवेदी | ९८५७०५१२५१ |

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स,फोन, इमेल) |
|---|---|---|---|---|---|
| | LIDO | सामाजिक विकास | जिल्ला भित्र | सुनीता बेल्वासे | ९८५७०५०८४८ |

### ३.२ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ को अद्यावधिक २०७७ निर्माण गर्ने क्रममा अध्ययन गरिएका प्रतिवेदन तथा सामग्रीहरु, औंल्याइएका असल अभ्यास, मुख्य सिकाई र सुझावहरु निम्नानुसार उल्लेख गरिएको छ ।

| सि.नं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | कुनै सुझाव भए |
|---|---|---|---|---|
| १. | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७६ को अध्यावधिक २०७७ | २०७६ मा पछिल्लो पटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण तथा अध्यावधिक २०७७<br>बिषय क्षेत्रगत नेतृत्व गर्ने निकाय तथा सहयोगी निकायहरुको छनौट गरिएको<br>जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संस्थाहरुको सूची तयार भएको | • विपदको समयमा तोकिएको जिम्मेवारी अनुरुप सबैको सक्रियता नदेखिएको<br>• स्थानीय तहमा समेत प्रतिकार्य योजना तयार गर्नुपर्ने । | • प्रदेश र स्थानीय तहमा समेत विपद् प्रतिकार्य योजना निर्माण भई कार्यान्वयनमा आउनुपर्ने देखिन्छ ।<br>• प्रतिकार्य कार्यढाँचा अनुसार स्थानीय तहमा समेत क्षेत्रगत अबधारण अनुसार कार्य गर्नुपर्ने |
| २. | जिल्ला विकास आवधिक योजना | • जिल्लाको समग्र विकास निर्माण सम्बन्धी सम्पूर्ण विवरणहरु समेटिएको योजना प्रकाशित भएको | • आवधिक योजनामा विपद् व्यवस्थापनलाई स्थान दिनु राम्रो | आबधिक योजना कार्यन्वयनमा ल्याउनुपर्ने । |
| ३. | जिल्ला जनसंख्या पार्श्वचित्र २०६७ लाई अद्यावधिक गरी २०७४ निर्माण | जिल्लाको समग्र जनसांख्यिक सूचकको अवस्था थाहा पाउन सकिने भएको | • पार्श्वचित्रमा विपद्सँग सम्बन्धित प्रयाप्त तथ्याङक समेटिन नसकेको<br>• रहेका स्थानिय तहले पार्श्वचित्र तयार गरिनुपर्ने | • पार्श्वचित्रमा विपद्संग सम्बन्धित अधिकतम सूचना समाबेश गर्नुपर्ने ।<br>• स्थानीय तहको विपद् जोखिमको विश्लेषण गरिनुपर्ने |
| ४ | जिल्ला विपद् व्यवस्थापन योजना २०६४-२०७१ | • सबै स्थानीय तहले संचालन गर्ने विकासका गतिबिधिहरुलाई विपद् मुलप्रवाहीकरण गरी विपद् जोखिम न्यूनीकरणमा सहयोग भएको | • जिल्लामा संचालन हुने गरेका विकास निर्माणका गतिबिधिहरुलाई थप विपद् मैत्री बनाइनु पर्ने | • जिल्लाको विपद् व्यवस्थापन रणनीतिबारे सबै सरोकारवाला निकाय जानकार हुनुपर्ने<br>• स्थानीय तहकोसमेत विपद् व्यवस्थापन रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने |
| ५ | स्थानीय विपद् व्यवस्थापन योजना २०६८ निर्माण | विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा आउनु | विपद् व्यवस्थापन योजना निर्माणमा स्थानीयतहलाई बढी सहभागिता गराइएतापनि नेतृत्वदायी भूमिकामा कमी | स्थानीय विपद् व्यवस्थापन योजनाबारे सबै जानकार हुनु आवश्यक सबै स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने |

### ३.३ विभिन्न वैठक तथा निर्णयहरु

कपिलवस्तु जिल्ला विपद्को दृष्टिले निकै संबेदनसिलजिल्लाहो । यस जिल्लामाबर्षेनी विपद्बाट प्रभावितहुने जनसंख्यालाई यथाशीघ्र आवश्यक उद्वार तथा राहत पुऱ्याउनजिल्लाविपद्व्यवस्थापन समितिले जिल्लाविपद्पूर्व तयारी तथाप्रतिकार्य योजना २०६७ मा प्रथम पटक यूनिसेफ, इन्द्रेणी लगायतअन्य संघसंस्थाहरुको सहभागीतामातयार गरी त्यसमाप्रतिवर्ष समयानुकूल परिमार्जन गर्दै आइरहेको छ । यसै संदर्भमा गतवर्ष तयार गरिएको विपद्पूर्व तयारी तथाप्रतिकार्य योजनालाई समयानुकूल परिमार्जन गरी प्रस्तुत गर्न जिल्लाविपद् व्यवस्थापन समितिको निर्णय अनुसार युएनएफपीए र नेपाल रेडक्रस सोसाइटीको आर्थिक तथा प्राविधिक सहयोगमा कपिलवस्तु जिल्लाको यो विपद् पूर्वतयारी तथाप्रतिकार्य योजना २०७७लाई प्रस्तुत गरिएको छ ।

### ३.४ आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान :

आवश्यकताको लेखाजोखा र खाडल पहिचानको सन्दर्भमा पनि क्षेत्रगत रुपमा नै जिल्लामा भएका श्रोतहरुको अवस्था आँकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र विगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका खाडलहरु समस्याहरु पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ ।

- सबै स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४(संशोधन २०७५), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण निति, २०७५, विपद् जोखिम तथा व्यवस्थापन रणनिति, २०७५ लाई आत्मसाथ गरी सबै तहले तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्ने छ ।
- सबै स्थानीय तहहरुले प्रर्याप्त मात्रामा खोज तथा उद्वारका सामाग्रीहरुको भण्डारण गर्नुपर्ने देखिन्छ ।
- सबै स्थानीयतहले विपद् जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सबै स्थानीय तहले विपद् प्रभावितहरुलाई तत्काल अस्थायी आवासका लागि विपद् पूर्व नै खुल्ला तथा सुरक्षित स्थानको पहिचान गर्नुपर्ने ।
- स्थानीय तहले विपद् व्यवस्थापनका लागि क्षमता अभिबृद्धिका गतिबिधि संचालन गर्नुपर्ने । जस्तैः विपद् लेखाजोखा, विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन योजना तर्जुमा, सामुदायिक खोज उद्वार, जोखिमको नक्शांकन आदि सम्बन्धी तालिमको आयोजना गर्न सकिने ।
- नयाँ संरचना अनुसार जिल्लामा भएका सबै क्षेत्रगत कार्यालयहरु स्थानीय तहमा रहने भएको हुँदा सबै स्थानीय तहले क्षेत्रगत अबधारणालाई (Cluster Approach) अबलम्बन गरी सबै क्लष्टरलाई सक्रिय बनाउने । जसमाः राहत, विपद् लेखाजोखा, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, अस्थायी आवास, संरक्षण आदि आवश्यकताको आधारमा सक्रियता बनाउने ।
- स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना गरी पूर्णरुपमा प्रभावकारी ढंगबाट संचालनमा ल्याउने जसले गर्दा स्थानीय तहमा विपद् ब्यवस्थापनका लागी पूर्वतयारी र प्रतिकार्यमा महत्वपूर्ण भूमिका रहन्छ ।

### ३.५ विपद् जोखिम विश्लेषण

२०६८को जनगणना अनुसार ५७१९४६ (पुरुष २८५५९९ र महिला २८६४४७) जनसंख्याभएको कपिलवस्तु जिल्ला**प्राकृतिक तथा गैह्प्राकृतिक प्रकोप विशेष गरी भूकम्प, आगलागी, वाढी, डुवान, असीना, सर्पदंश, हावाहुरी, शीतलहर, खडेरी, द्वन्द,सवारी दुर्घटना** जस्ता समस्याहरु उच्च रहेको जिल्लाहरु मध्ये एक हो । नेपालको प्रदेश नं. ५ मा पर्ने यस जिल्लालाई ६ नगरपालिका र ४ गाँउपालिका गरी १० स्थानीयतहको प्रशासनिक संरचनामा बाँडिएको छ । कपिलवस्तु जिल्ला चुरे पहाडको काखमा अवस्थित मैदानी भू-भागमा पर्दछ । यस मैदानी क्षेत्रमा पहाडी भागबाट साना ठूला नदीनालाहरु बगेर आएका छन् । बाणगंगा, सूराई, बेल तथाचिराई नदीआदि यस जिल्लाकाप्रमुखनदीहरु हुन् । मनसुनी मुसलधारे बर्षाले यस जिल्लाको उत्तरी पहाडी क्षेत्रमाप्रायःबर्षेनीपहिरो र भू-क्षय जस्ता समस्याआउने गरेका छन् भने त्यहीपानीले समथर तराई क्षेत्रलाई बाढीको चपेटामा पार्ने गरेको छ । यसको साथै दक्षिणतर्फ भारतीयभूमिमाभ्फरई, महलीसागर जस्ता बाँधहरुको कारणबाट जिल्लाको दक्षिण भू-भाग बर्षेनी डुबानमा पर्ने गरेको छ । त्यसै गरी गर्मीको

समयमा आगलागी, हावाहुरी, महामारी, खडेरी, सर्पदंशआदिले धेरै जनधनको क्षतिहुने गर्छ भने मानव द्वन्द, सवारी दुर्घटना आदिपनि यस जिल्लाका अन्य प्रमुख संकटहरु हुन् ।







कपिलवस्तु जिल्लाका विगतका तथ्यांकहरु केलाउँदा बाढी तथा डुवान, आगजनी जस्ता प्रकोपहरु अन्य प्रकोपहरुको तुलनामा अधिक देखिन्छ । मुख्य गरी यस जिल्लामा वाढीको घटनाहरु पूर्वमा बाणगंगा र पश्चिममा सुराई र चिराईजस्ता वेगवान नदी र खोलाहरुको कारणबाट हुने गर्दछन् । त्यसमा पनि नदी छेउमा बसेको बस्ती, कमसल जमीनमा पनि खेती बिस्तार गर्दै जानुपर्ने स्थिति, अव्यवस्थित बसाई सराई, अव्यवस्थित बसोवास, धेरैजसो कच्ची फुसको घर र तीव्रगतिमा भैरहेको वनजंगललगायतका प्राकृतिक सम्पदाको विनाशले कपिलवस्तुलाई बाढी तथा आगजनीले प्रभावित पारेको छ । यसको अतिरिक्त सडक दुर्घटना, हावाहुरी, असिना, खडेरी जस्ता समस्याले गर्ने क्षति अलग्गै छ । यी प्रकोपहरुको न्यूनीकरण, प्रभावितहरुलाई उद्धार तथा राहत र पुनर्स्थापनाका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, बिभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरु, गाउँ तथा नगरपालिकाका साथै नागरिक स्तरबाट समेत बिभिन्न प्रयासहरु भएका पाइन्छन् । यी प्रयासहरु प्रकोप घटिसके पश्चात् उद्धार, राहत बितरण र प्रभावितहरुको अस्थायी पुनर्स्थापनामा केन्द्रित भएको देखिन्छ ।

**कपिलवस्तु जिल्लाको प्रकोप जोखिम विश्लेषण**

| क..स. | स्थानीय तहहरुको नाम | बाढी | पहिरो | आगलागी | महामारी | भूकम्प | शितलहर | प्रभाव | स्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | निम्न | मध्यम | उच्च |
| १ | बाणगंगा नपा | ४ | १ | ३ | २ | २ | ३२ | ९०० घरधुरी | | √ | |
| २ | वुद्धभूमी नपा | ३ | १ | २ | २ | १ | ३ | ८०० घरधुरी | | √ | |
| ३ | कपिलवस्तु नपा | २ | १ | ३ | २ | २ | ३ | ५०० घरधुरी | | √ | |
| ४ | महाराजगंज नपा | ३ | ० | ३ | २ | २ | ३ | ८०० घरधुरी | | √ | |
| ५ | कृष्णनगर नपा | २ | १ | ५ | २ | २ | ४ | ५०० घरधुरी | | √ | |
| ६ | शिवराज नपा | १ | १ | २ | २ | १ | ३ | ७०० घरधुरी | | √ | |

| क..स. | स्थानीय तहहरुको नाम | बाढी | पहिरो | आगलागी | महामारी | भूकम्प | शितलहर | प्रभाव | स्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | निम्न | मध्यम | उच्च |
| ७ | मायाँदेवी गा.प. | ३ | १ | ३ | २ | २ | ३ | १२०० घरधुरी | | √ | |
| ८ | शुद्दोधन गा. प. | २ | २ | ५ | ४ | ३ | ४ | ५०० घरधुरी | | √ | |
| ९ | बिजयनगर गा.प. | १ | १ | ४ | २ | २ | ३ | ११०० घरधुरी | | √ | |
| १० | यशोधरा गा.प. | ३ | १ | ५ | २ | २ | ४ | २८६४ घरधुरी | | √ | |

## ३.६ जिल्लामा आ.व.२०७६।७७ मा घटेका विपद्का घटनाहरु र क्षतिको विवरण

| क.स. | घटना संख्या | | | | | | | | | | मानवीय क्षति | | पशुचौपाया क्षति | भौतिक क्षति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आगलागी | बाढी | पहिरो | भूकम्प | हावाहुरी | चट्याङ्ग | करेन्ट | सर्पदंश | खोलाले बगाएको | जम्मा घटना संख्या | मृत्यु | घाइते | | | |
| १. | ४९ | ० | ० | ० | ० | १ | १० | १ | ४ | ६५ | १५ | ५ | ४१ | ९६ | |

### (क) महिना अनुसार भएको विपद् घटना विवरण :

| महिना | विपद् घटना | | | | | | | | | जम्मा घटना संख्या | मानविय क्षति | | पशु चौपाया क्षति | भौतिक क्षति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आगलागी | वाढी | पहिरो | भूकम्प | हावा हुरी | चट्यांग | करेन्ट लागेर | सर्पदंश | खोलाले बगाएर | | मृत्यु | घाइते | | | |
| असार | ० | ० | ० | ० | ० | १ | ३ | | ० | ४ | २ | १ | | ० | |
| जेठ | ० | ० | ० | ० | | | १ | | ० | १ | १ | | | ० | |
| बैशाख | ८ | ० | ० | ० | | | २ | | ० | १० | १ | १ | ३ | ७ | |
| चैत्र | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ० | १ | ८ | ५८ | |
| फागुन | ३ | ० | ० | ० | | | १ | | ० | ४ | १ | | | ३ | |
| माघ | १ | ० | ० | ० | | | ० | | ० | १ | ० | | | १ | |
| पौष | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | १ | १ | ५ | ६ | |
| मंसिर | ३ | ० | ० | ० | | | १ | | ० | ४ | १ | | ५ | २ | |
| र्कातिक | ३ | ० | ० | ० | | | ० | | १ | ४ | १ | | | १ | |
| असोज | ७ | ० | ० | ० | | | ० | १ | १ | ९ | २ | १ | ९ | ७ | |
| भाद्र | २ | ० | ० | ० | | | | | १ | ३ | ४ | | | ६ | |
| साउन | ५ | ० | ० | ० | | | २ | ० | १ | ८ | १ | | १ | ५ | |
| **जम्मा** | ४९ | ० | ० | ० | ० | १ | १० | १ | ४ | ६५ | १५ | ५ | ३१ | ९६ | |

*श्रोत : प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र, लुम्बिनी प्रदेश बुटवल*

### (ख) विगत १० वर्षको विपद्का कारण भएको क्षतिको अवस्था (सन् २०११ देखि जुलाई २०२० सम्म)

| क.स. | विपद् | मानवीय क्षति | प्रभावित परिवार संख्या | कैफियत |
|---|---|---|---|---|

| | | मृत्यु | घाइते | वेपत्ता | | |
|---|---|---|---|---|---|---|
| १ | वाढी | १२ | ० | ० | ३०१५ | |
| २ | आगलागी | ११ | ० | ० | १२२७ | |
| ३ | जंगली जनावरको आक्रमण | ० | ६ | ० | ५ | |
| ४ | भूकम्प | ० | ६ | ० | | २०१५ अन्यत्र जिल्लामा कामको शिलशिलामा |
| ५ | भारी बर्षात | ० | ६ | ० | ५ | |
| ६ | सर्प दंश | १ | ० | ० | | |
| ७ | चट्यांग | ७ | १ | ० | १२ | |
| ८ | हावाहुरी | ० | ० | ० | ११ | |
| **जम्मा** | | **३१** | **१९** | **०** | **४२७५** | |

*श्रोत : राष्ट्रिय आपातकालीन कार्यसंचालन केन्द्र*

**(ग) सडक (सवारी साधन) दुर्घटना विवरण (आ.व.२०७६।७७)**

| **महिना** | **सवारी दुर्घटना** | |
|---|---|---|
| | **मृत्यु** | **घाइते** |
| असार | २ | ४० |
| जेठ | १ | २८ |
| बैशाख | २ | २ |
| चैत्र | ० | १४ |
| फागुन | १ | ४३ |
| माघ | १ | ४० |
| पौष | ३ | ३५ |
| मंसिर | २ | ४५ |
| कार्तिक | ० | ३३ |
| असोज | १ | ९१ |
| भाद्र | ६ | ५२ |
| साउन | २ | ४७ |
| **जम्मा** | **२१** | **४७०** |

*श्रोत : प्रदेश आपतकालीन कार्यसंचालन केन्द्र, लुम्बिनी प्रदेश, बुटवल*

यस जिल्लाको विभिन्नगा.पा. तथानगरपालिकाहरुमा घट्ने विपद्का घटनाहरुको आधारमा जोखिमविश्लेषण गर्दा निम्नानुसार पाइएको छ ।

| **क्रसं** | **गाउँपालिका /नगरपालिका** | **जोखिममा रहेका स्थान र तह** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **बाढी** | **पहिरो** | **आगलागी** | **भूकम्प** | **वायुप्रदूषण ?** | **तह** |
| १ | कपिलवस्तु नगरपालिका | निग्लिहवा, ९, १० तिलौराकोट, ६ सौराह१२ | छैन | ७. धर्मपनिया<br>८. दोहनी<br>११. जहदी<br>१२. सौराहा | वडा नं. १ देखि ५ का शहरी क्षेत्रहरु | (वडा नं. १ देखि ५) मध्यम जोखिम | ४ |
| २ | बुद्धभूमि नगरपालिका | १० धनकौली, बुडडी | छैन | ६. महुवा<br>७. मानपुर<br>१०. धनकौली | वडा नं. १ देखि ५ का शहरोन्मुख क्षेत्रहरु | कम जोखिम | ४ |

| क्रसं | गाउँपालिका /नगरपालिका | जोखिममा रहेका स्थान र तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **बाढी** | **पहिरो** | **आगलागी** | **भूकम्प** | **वायुप्रदूषण ?** | **तह** |
| ४ | शिवराज नगरपालिका | ८. बिसनपुर,<br>९ शिवगढी | शिवगढी | ४. चनई<br>७. जवाभारी<br>८. बिसनपुर<br>१०. लालपुर<br>११. थुनिया | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ४ | महाराजगंज नगरपालिका | . महाराजगंज<br>८ कजरहवा<br>१० हर्दौना | छैन | सबै वडाहरु | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ५ | कृष्णनगर नगरपालिका | ५ पुरुषोत्तमपुर | छैन | ५. पुरुषोत्तम<br>६. भिल्मी<br>७. अजिगरा<br>८, ९. बहादुरगंज<br>१०. विद्यानगर<br>११. रामनगर<br>१२. भगवानुर | वडा नं. १ देखि ४ का शहरी क्षेत्रहरु | मध्यम जोखिम | ४ |
| ६ | बाणगंगा नगरपालिका | १२. कोपवा १४. कोइलीवनगाई | छैन | कम जोखिम | नगरपालिकाका शहरोन्मुख क्षेत्रहरु | कम जोखिम | ४ |
| ७ | मायादेवी गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| ८ | यशोधरा गाउँपालिका | ५ बैदौली<br>६ रंगपुर<br>८ सिहखोर | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ४ |
| ९ | शुद्धोधन गाउँपालिका | छैन | छैन | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | २ |
| १० | विजयनगर नगरपालिका | ४ र ४ पत्थरदेइया | गुगौली | सबै वडाहरु | मध्यम जोखिम | कम जोखिम | ४ |

*नोट : माथिको जोखिम स्तरीकरणमा ५ तथा ४ अंकलाई उच्च जोखिम, ३ अंकलाई मध्यम जोखिम र २ अंकलाई न्यून जोखिममा राखिएको छ ।*

माथिको तालिका अनुसार कपिलवस्तु जिल्लामा बाढीबाट ६ नगरपालिकाका १२ वडाहरु तथा २ गाँउपालिकाका ५ वडाहरु प्रभावित रहेका छन र तिमध्ये १० वडाहरु उच्च र ७ वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ । त्यस्तै आगलागीबाट नगरपालिकामा रहेका शहरोन्मुख स्थानहरुबाहेक अधिकांश स्थानहरु आगलागीको उच्च जोखिममा रहेका छन ।

### ३.७ विपद्को विगतको अवस्था र संभावना :

कपिलवस्तु जिल्लामा आगलागी, बाढी, भुकम्प, खेत कटान, नदीको धार परिवर्तन, माटो पटान, डुवान, हावाहुरी, चट्याङ्ग, खडेरी, शितलहर, तातो हावा (लू), महामारी जस्ता विपद्बाट जिउधनको क्षतिभएको अभिलेख छ । साथै द्वन्द्ववाट सिर्जित घटनाहरुबाट समय समयमा धनजनको क्षति तथा विस्थापन भएको पाईन्छ ।

विगतका वर्षहरुमा कपिलवस्तु जिल्लामा बाढीजन्य प्रकोपबाट धेरै मात्रामा धनजनको क्षति भएको थियो । २०६१ साल भाद्रमा साविक सौराह गाविसको बर्गदीघाटमा बर्गदीघाटमा बाढीले डुंगा पल्टाउँदा १२० जना मानिसको मृत्यु भएको थियो भने प्रत्येक वर्ष ४ देखि ७ जना सम्म मानिसहरुको बाढीको कारणबाट मृत्यु हुने गरेको छ ।

बर्षेनी आउने बाढी लगायतका प्रकोपहरुले जिल्लाको भौतिक पूर्वाधार तथा विकासका संरचनाहरुमा क्षति हुन गई सम्पूर्ण जनजीवन प्रभावित हुने गरेका छन् । जिल्लाको मध्यतथा दक्षिण क्षेत्रमा डुवान, खेत कटान जस्ता समस्याले धेरै धनजनको नोक्सानी हुने गरेको छ । यस जिल्लामा आगलागीबाट पनि वर्षेनी लगभग ५०० घर टहरा जलेर नष्ट हुनुको साथै ४/५ जना मानिसको मृत्यु हुने गरेको छ यसको साथै सर्पदंशबाट वर्षेनी ५/७ जना मानिसहरुको मृत्यु हुन्छ । यी सबै विपदहरुलाई सम्बोधन गर्नु आवश्यक छ ।

माथि उल्लेखित जोखिम स्तरीकरण अनुसार बाढीजन्य विपदबाट ६ नगरपालिकाका १२ वडाहरु तथा २ गाँउपालिकाका ५ वडाहरु प्रभावित रहेका छन र तिमध्ये १० वडाहरु उच्च र ७ वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ । २०६८ को जनगणना अनुसार कपिलवस्तु जिल्लामा बाढीजन्य क्षेत्रमा बसोबास गर्ने २४६०९८ जनसंख्या मध्ये ४५ प्रतिशत अर्थात ८२६४४ जनसंख्या अति प्रभावित रहेका छन । त्यस्तै कच्ची घरमा बसोबास गर्ने २४२०५१ जनसंख्यामध्ये ४० प्रतिशत अर्थात ९६८२० भन्दा बढी जनसंख्या अति जोखिममा रहेका छन । तातोहवा (लू) तथा शीतलहरबाट कम उमेरका बालबालिकाहरु, सुत्केरी/गर्भवती महिला, वढी उमेरका जेष्ठ नागरिकहरु बढी जोखिममा रहेका छन् । जिल्लाको शहरोन्मूख नगरपालिका तथा गाँउपालिकाहरुमा बनेका ठूला भवन तथा भौतिक संरचनाहरु भूकम्प प्रतिरोधी तरिकाबाट नबनेको हुँदा भूकम्पीय जोखिममा रहेको देखिन्छ । यहाँ यस योजनामा बाढीजन्य विपद् र आगलागी यस जिल्लाको प्रमुख विपदको रुपमा भएकोले त्यसलाई पनि सम्बोधन गर्न बाढी तथा आगलागीको लागि र आकस्मिक रुपमा आउने भूकम्पलाई समेत केन्द्रित गरी छुट्टाछुट्टै पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी प्रस्तुत गरिएको छ ।

### ३.८ विषयगत क्षेत्रको पहिचान तथा निकायगत भूमिका र जिम्मेवारी

**विपद सम्बन्धी परिस्थितिः** प्रकोपका सम्भावित मानवीय असर (शिक्षा) :

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको क्षति ।
- शिक्षक/विद्यार्थीहरू हताहत/जनको क्षति ।
- बिद्यार्थीहरुको विद्यालयसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host schools) को पढाईमा अवरोध ।
- बालबालिका तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।
- बिद्यार्थीहरुको गुणस्तरिय शिक्षण सिकाई उपलब्धिमा ह्रास ।
- बालबालिकाहरुको बिद्यालय छोड्न सक्ने र बाल श्रम तथा बालबिवाह जस्ता जोखिममा पर्न सक्ने ।
- सुरक्षित बिद्यालय, खानेपानी सरसफाइको पहुँच नहुनु ।
- बालबालिकाहरु महामारकिो थप जटिलतामा पर्न सक्ने ।

**समष्टिगत उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्णबालबालिकाहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

**विशिष्ट उद्देश्य :**

- विपद्बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिका तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समुहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने ।
- आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।

- द्रुत तथा चालु (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेकाबालबालिकाहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF's Core Commitments to Children in Emergencies for Education) का न्युनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

**शिक्षामा मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्डः** (स्फेयर मापदण्ड)

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा विकास समन्वय ईकाई र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका लागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएकोछ छैन जानकारी लिने ।
- पीडित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनलाई नियमित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कुलहरुमा भएको पुराना किताब संकलन गरी सुरक्षित ठाउँमा राख्ने ।
- मनोरञ्जनात्मक एवं रचनात्मक क्रियाकलापहरु प्रवाह गर्ने ।
- शिक्षकहरुलाई मनोसामाजिक परामर्श तालिम प्रदान गरी बालबालिकामा परामर्श प्रदान गर्ने ।

### ४.४.१ विद्यमान श्रोत तथा क्षमताको सूची

| क्र.सं. | साझेदारको नाम | शैक्षिक सामग्री | जनशक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | जि.शि.वि.ई. | पाठय सामाग्रीहरु | शिक्षकतथा स्रोत व्यक्तिहरु,शिविसका कर्मचारीहरु, शिक्षक पेशागत संगठनका प्रमुखहरु | |
| २ | युनिसेफ | Technical support, information management Education Kits | विषयगत विज्ञ | |
| ४ | यू.एम.एन. | अस्थाई सिकाई केन्द्र<br>सिकाई सामाग्रीहरु<br>शिक्षकहरुलाई विपत सम्वन्धीअभिमुखिकरण | विषयगत विज्ञ<br>कर्मचारी तथा स्वयंसेवकहरु | |
| ४ | सनसाइन | अस्थाई सिकाई केन्द्र<br>सिकाई सामाग्रीहरु | कर्मचारी तथा स्वयंसेवकहरु | |
| ५ | इन्द्रेणी | सिकाई सामाग्रीहरु | कर्मचारी तथा स्वयंसेवकहरु | |
| ६ | दलित सामाजिक विकास केन्द्र | सिकाई सामाग्रीहरु ,<br>शिक्षकहरुलाई विपद सम्वन्धीअभिमुखीकरण<br>राहत कोष | २५ जना कर्मचारी तथा स्वयंसेवकहरु | सहयोगी निकायको सहकार्यमा |

| | | | | |
|---|---|---|---|---|
| ७ | कालिका स्वावलम्बन सामाजिक केन्द्र | - साधारण मनोरञ्जनात्मक शैक्षिक तथा खेलकुद सामाग्री ।<br>- सुरक्षित अस्थाइ सिकाई केन्द्र निर्माणका लागि आवश्यक प्राविधिक तथा अन्य व्यवस्थापकिय सहयोग | संस्थाका सदस्यहरु तथा कर्मचारी | |
| ८ | लिडो | शिक्षण सामग्रीहरु, विद्यार्थीका लागि स्कुल व्याग with Stationary (Copy, pencil, Geometric box, color pencil, pencil case, umbrella and water bottle, etc)<br>तत्कालीन आवश्ययकता अनुसार अन्य सामग्री पनि सहयोग गरिनेछ । | २ जना कर्मचारीहरु | |

### ४.४.२ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागू हुने)

| **सहयोग गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-४० दिनसम्म)** | | |
| **जानकारीको सङ्कलनका लागि क्लष्टर समन्वय बैठक**<br>आर्थिक तथा मानवीय श्रोतको आपत्कालीन जोहो ।<br>सूचना केन्द्रको स्थापना ।<br>तत्काल शैक्षिक क्षतिको सूचना संकलन गर्ने ।<br>तत्कालको लागि शिविरमा सुरक्षित स्थानको स्थापना गर्ने<br>तत्काल गाविस तथा क्षेत्रमा भएका सूचना केन्दहरुसँग सम्पर्क स्थापना गरी जानकारी संकलन गर्ने । | शिविसईका, सम्बन्धित श्रोतकेन्द्र, स्थानीय तह | लो दिनमै |
| **परिस्थितिसम्बन्धी प्रतिवेदन तयार पार्ने :**<br>क. पहिलो प्रतिवेदन ।<br>अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>२४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | स्थानीय तह, जिल्ला शिक्षा समन्वय ईकाई कार्यालय | दोश्रो दिन |
| **प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने :**<br>क. प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागि प्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्ग/जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थाई रुपमा सुचारु गराउन जिम्मेवारी तोक्ने । | जिल्ला शिक्षा कार्यालय, सम्बन्धित श्रोतकेन्द्र, स्थानीय तह | दोश्रो र तेस्रो दिन |
| **स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP)को समीक्षा गर्ने** | जिल्ला शिक्षा कार्यालय | ७ दिनभित्र |
| **विपद्बाट बढी जोखिममा रहेका समूहहरू**<br>क.अपाङ्ग बालबालिकाको पहिचान ।<br>ख.परिवारबाट बिछोडिएका ।<br>ग.आमाबाबु गुमाएका ।<br>घ.मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय सहायताका लागि श्रोत खोजेर सम्झौता गर्ने ।<br>ङ.शिबिरभित्रै बाल सिकाइ कक्षा सञ्चालन गर्ने । | स्थानीय तह, जिल्ला शिक्षा विकास ईकाई | पहिलो हप्ता देखि एक महिनाभित्र |
| **क्षेत्रगत निकायहरुको (Clusters)समन्वय बैठक:**<br>सूचना तथा जानकारीको आदानप्रदान, अवस्था विश्लेषण, कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, श्रोतको खोजी तथा व्यवस्थापन | जिल्ला शिक्षा समन्वय ईकाइ | हप्तामा एक पटक |

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ४०-९० दिनसम्म** | | |
| **स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण**<br>क.प्रस्तावना तयार पार्ने ।<br>ख.दातृ निकायहरुसँग प्रस्तावना सहित श्रोतको माग गर्ने । | स्थानीय तह<br>जिल्ला शिक्षा समन्वय ईकाइ, क्लष्टर सदस्यहरु | ४-४ हप्ता |
| परिस्थितिसम्बन्धी अद्यावधिक प्रतिवेदनलाई अद्यावधिक पार्ने | स्थानीय तह, शिक्षा विकास शाखा | हप्तामा एक पटक |
| मनवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुनर्निर्माण गर्ने | जिशिसई तथा सहयोगी निकाय | दोश्रो तेस्रो महिनामा |
| मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | जिशिसई तथा सहयोगी निकाय | निरन्तर जारी |
| स्थानीय तहमा रहेका शिक्षा विकास शाखा, श्रोत केन्द्रसँगको समन्वय | जिशिसई तथा सहयोगी निकाय | निरन्तर |
| विद्यालयलाई अस्थाई आवास बनाएका विपद् प्रभावितहरुलाई क्रमशः घर पठाउने । | जिशिसई तथा सहयोगी निकाय | दोस्रो हप्ता |
| आवश्यकतानसुार अस्थायी सिकाइ केन्द्र निर्माण गरी शिक्षण कार्य सञ्चालन गर्ने । | जिशिसई तथा सहयोगी निकाय | आबश्यकतानुसार |
| विद्यालयहरुको भौतिक क्षतिको लेखाजोखा कार्यसम्पन्न गर्ने । | शिविसई तथा सहयोगी निकाय | पाँचौ हप्तासम्म |
| जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा भौतिक क्षति भएका विद्यालयहरुको पुनर्निर्माण, पाठ्यपुस्तक क्षति भएका विद्यार्थीहरुको पाठ्यपुस्तक खरिद आदिका लागि रकम यकिन गरी प्रदेश सरकारसँग माग गर्ने । | जिशिसई तथा सहयोगी निकाय | पाँचौ हप्तासम्म |

### ४.४.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी : (आपत्कालीन परिस्थितिभन्दा पहिले)

| क्रस | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| | स्थानीय तहमा क्लष्टर बैठक बसी जिम्मेवारी बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोक्ने | शिविसइकार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | मंसीरमा |
| | आपत्कालीन आश्रय पहिचान तथा व्यबस्थापन बैठक | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | पुस |
| | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | माघ |
| | समन्वय, सहकार्य बैठक छलफल | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| | विपद् सहायता सामाग्री व्यवस्थापन | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | बैशाखमा |
| | विद्यालयहरुको आकस्मिक योजना बनाउने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | जेठसम्ममा |
| | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि.व्य.समितिलाई विद्यालय स्तरीय चेतनामुलक कार्यक्रम गर्ने, गराउने, शिक्षकहरुलाई प्राथमिक उपचार तालिम | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | माघ तथा फागुन महिनामा |
| | वैकल्पिक विद्यालय स्थापना र संचालनका लागि आवश्यक सामाग्री तथा श्रोत व्यक्तिहरुको पहिचान गर्ने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीय श्रोत र अन्य श्रोत समेतको) को रोष्टर निर्माण गर्ने र सचेत गराउने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि सूचना सञ्चारका सामागीहरु व्यवस्थापन गर्ने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| | स्थानीय संचार माध्यम मार्फत जनचेतनाका गतिबिधि संचालन गर्ने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | निरन्तर |

| क्रस | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| | विद्यालय विपद् सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने | शिविसइ.कार्यालय,स्थानीय तह र सहयोगी निकायहरु | जेठसम्ममा |

**४.४.४ कार्यक्रम बजेट :**

| क्र.स. | प्रमुखकार्यहरु |
|---|---|
| १ | जिल्लाशिक्षा समन्वय समितिको बैठक |
| २ | विपद संभावित क्षेत्रकाविद्यार्थीहरुको २०७२Flash वाट तथ्यांक संकलन र विश्लेषण । |
| ४ | संभावित क्षेत्रमा सचेतनाअभिमुखिकरण कार्यक्रम संचालन |
| ४. | अस्थायी कक्षा कोठाको लागि शैक्षिक सामाग्री |
| ४.१ | त्रिपाल |
| ४.२ | चकटी |
| ४.४ | कालो पाटी |
| ४.४ | पठ्यपुस्तक सेट |
| ४.५ | झोला |
| ४.६ | पोशाक |
| ४.७ | कापी, कलम |
| ४.८ | किट बक्स |
| ५ | स्वंय सेवकशिक्षकको छनौट र तालिम ४० जना । |
| ६ | स्वंय सेवकशिक्षकको सुविधा |
| ७ | पठन पाठन संचालनको लागि सुरक्षित स्थानको छनौट |
| ८ | रोष्टर समूह गठन (तालिम, अनुगमन र व्यवस्थापनकालागि) |
| ९. | हैण्डपाईप जडान |
| १० | पुरुष अस्थायी शौचालय ४०, महिला अस्थायी शौचालय ६०, का लागिनल, त्रिपाल |

४.५ संरक्षण (Protection)

**नेतृत्व प्रदान गर्ने निकाय :** जिल्ला प्रशासनकार्यालय, सहायक प्रमुख जिल्ला अधिकारी
**सह नेतृत्व गर्ने निकाय :** यूएनएपपिए

**विपद सम्बन्धी परिस्थितिः**

- मानवियको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- मानिसहरुको आन्तरिक रुपमा विस्थापन हुन सक्ने ।
- बालबालिकाहरु घाईते हुनु, परिवार र आफन्तबाट टाडिनु, असहाय हुनु ।
- महिला, किशोरी तथा बालबालिकाहरु यौन दुर्व्यबहार शोषण र भेदभावमा पर्नु ।
- सम्भावित मानसिक आघात (Psychosocial trauma) तथा मनोवैज्ञानिक विपत्ति ।
- लैङ्गिकतामा आधारित हिंसा (Gender–based violence (GBV) को बढ्दो जोखिम ।
- शारिरीक स्वास्थ्यको दृष्टिकोणले पनि जोखिममा पर्न सक्ने ।
- एक बिपद्ले अको बिपद् निम्त्याउन सक्ने हुदाँ थप महामारीको जटिलतामा पर्न सक्ने् ।
- सामना गर्ने संयन्त्र (coping mechanism)मा अवरोध ।
- मानव बेचविखनको जोखिम ।
- अपारता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, बृद्ध तथा एकल महिलाहरुको सुरक्षा तथा संरक्षणमा कमी ।
- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- केही समुदाय अथवा समुहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु,लैंगिक अल्पसंख्यक लगायत जोखिम्मा रहेका समूहहरूलाई आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा अवहेलनाबाट संरक्षण एवं मानव अधिकारको संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य :**

- नेपालका विपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिम्मा रहेका समुहहरूका लागि मानव अधिकारसम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दै, सुनिश्चित गर्ने ।
- जोखिम्मा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा अपहेलनाका जोखिम्हरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।

  लैङ्गिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलीकरण, महिला तथा किशोरीहरूका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।
- यौन तथा लैरिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरूको लागि महिला मैत्री स्थान(Female Friendly Space) को स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि एकद्वार प्रणाली (One-Stop Crisis Management Center-OCMC) लाई प्रभावकारी गराउने ।
- बाल-मैत्री ठाउँ तथा मनो-सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोडिएका बालबालिका तथा किशोरकिशोरीको पहिचान, दर्ता तथा स्वास्थ्य लगाएत अन्य आवश्यक सेवामा सहयोग पुऱ्याउनु र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गरी पुनस्थापना गर्ने कार्यमा सहयोग गर्ने ।
- यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड : स्फेयर मापदण्ड**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उलंघन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- बिभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडि पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालमैत्री, महिला मैत्री ठाउँलगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित बातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट बिछडिएका तथा साथै नभएका बाल-बालिकाहरू र अन्य जोखिम्मा परेका समूह जस्तैः परिवार नभएका, बृद्ध, अपाङ्गता तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (वास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

**लक्षित समूह**

महिला (सुत्केरी, गर्भवती), बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्तिहरु,लैंगिक अल्पसंख्यक, जेष्ठ नागरिक, एकल महिला,घाइते, तनावमा रहेका महिला, अभिभावक गुमाएका बालबालिका, यौन तथा लैगिक हिंसामा परेका आदि ।

### ४.५.१. विद्यमानश्रोत तथा क्षमता (आ.व.२०७७/७८)

| क्र.सं. | सस्था वा कार्यालय | स्रोत /सामग्री | जनशक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तह | • IEC सामाग्री : विभिन्न ९ वटा महिला सहकारी संस्थाहरुमा लैंगिक हिंसामा परेका महिलाहरुको न्यायमा पहुंच तथा सहयोगको लागि रकम मौज्दात तथा परिचालन भएको<br>• कतिपय पालिकाहरु आकस्मिक बालकोष स्थापना भएको | • यु.एन.एफ.पि.ए/सिद्धार्थ सामाजिक विकास केन्द्रको सहयोगमा प्रत्येक स्थानीय तहमा एक/एक जना मनोसामाजिक परामर्शकर्ता १० दिन तालिम लिई परामर्शसेवा प्रदान गदै आएको, जिल्लामा तालिम प्राप्त मनोविमशकर्ताबाट GBV Hotline सेवा शुरु भएको ।<br>• सिद्धार्थ सामाजिक विकास केन्द्रमार्फत युनिसेफको सहयोगमा कपिलवस्तु जिल्लामा एक समुदाय स्तरिय मनोसामाजिक परामर्शदाता परिचालित भएको | UNFPA को सहयोग |
| २ | जिल्ला अस्पताल, तौलिहवा | अस्पतालमा आधारित लैङ्गिक हिंसा संबोधन एक द्वार संकट व्यवस्थापन केन्द्रको प्रगति प्रतिवेदन व्यवस्थापन गर्न एक थान ल्यापटप प्रदान, प्रतिवेदनको लागि आवश्यक फारम तथा रेकर्डबुक हस्तान्तरण र जनशक्तिहरुलाई तालिम तथा कोचिङ्ग, करिव ६ लाख मुल्य बराबरको Rape/PEP, STI Protection Testing Kit, Emergency contraceptivesको मौज्दात | अस्पतालमा आधारित लैङ्गिक हिंसा संबोधन एक द्बार संकट व्यवस्थापन केन्द्रका १० कर्मचारीहरुलाईGBV screening and treatment सम्बन्धी तालिम | सिद्धार्थ सामाजिक विकास केन्द्र तथा नेपाल रेडक्रस सोसाईटी मार्फतUNFPA को सहयोगमा |
| ४ | जि.प्र.का. | सुरक्षा सामग्री | सुरक्षा जनशक्ति | सुरक्षा, न्याय |
| ५ | महिला सेल्टर (Women Shelter) (साथी) | १० बेडको सेल्टर, खाना, उपचार, मनोविमर्श सहित) | मनोविमर्शकर्ता,<br>संयोजक, गार्ड, वार्डेन | सिद्धार्थ सामाजिक विकास केन्द्र मार्फत UNFPA को सहयोगमा |

| | | | | |
|---|---|---|---|---|
| ६ | यू एन एफ पि.ए | मर्यादा किट र किशोरी किट | जिल्लामा कार्यक्रम संयोजक एक जना | आवश्यकता अनुसार स्थानिय तहहरुले माग गर्न सकिने |
| ७ | युनिसेफ | Psychosocial counselling<br>Temporary emergency support for most vulnerable children<br>Recreation kit | | |
| ८ | कालिका स्वावलम्बन सामाजिक केन्द्र | ● संरक्षणको प्रयोजनार्थ छोटो समयको लागि सेल्टरको रुपमा आवास उपलब्ध गराउन सकिने<br>● उच्च जोखिममा रहेका बालबालिकाहरुको आपत्कालिन कोषबाट सामान्य सहयोग गर्न सकिने ।<br>● तनाव एवं संवेग नियन्त्रणका लागी समान्य परामर्श ।<br>● पोषण तथा व्यक्तिगत सरसफाईका लागि परामर्श । | कपिलबस्तु जिल्लाका सबै पालिकाहरुमा बिभिन्न परियोजना अन्तर्गतका ४९ कर्मचारीहरुलाई मानवीय सहायताका लागि कर्मचारी तथा समुदाय परिचालन गर्न सकिने र साथै जनचेतना अभिवृद्धि र आवश्यकता अनुसार प्राविधिक सहयोग पुऱ्याउन सक्ने । | सुरक्षा, न्याय र सहयोगका लागि पैरवी |
| ९ | दलित सामाजिकविकास केन्द्र | आकस्मिक राहत कोषको परिचालन,<br>एकवटा टेन्ट,<br>एसटेचर १ वटा, | १५जनाजनशक्तिलाई परिचालन गर्न सकिन्छ । | यूएमएन र केएर नेपाल |
| १० | लिडो | • School Bag with stationary to school going children.<br>• Medical equipment (patient bed, medicine and other)<br>• Equipment with Covid medicine support to Province 5. | 3 persons (staff) | Qatar Charityको सहयोगमा |
| ११ | माहुरी होम | सूचनामूलकसामग्री बितरण, सचेतना मुलक संदेशप्रवाह गर्न सकिने<br>• होल्डिगं सेन्टरमा रहेका प्रहरी तथा महिलालाई मर्यादा किट स्वास्थ्य | लुम्बिनी प्रदेशका ८ वटा जिल्लाका २३ वटा पालिकामा रहेका स्वयं सेवकहरु | FCDO, VSO, International Alert आदि)दातृनिकायबाट सहयोग भएको खण्डमा । |

| | | | | |
|---|---|---|---|---|
| | | सामग्री, Help deskसहयोग निमार्णमा सहयोग । | | |

**४.५.२विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागू हुने)**

| **सहयोग गतिविधि** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-४० दिनसम्म)** | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने ।<br>जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | स्थानीय तह महिला बालबालिका ईकाइ | लो दिन |
| क. परिस्थितिसम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, बृद्ध बृद्धा, एकल महिला, गर्भवती तथा सुत्केरी, अपारता भएका व्यक्तिहरु, किशोरीहरु, लैंगिक अल्पसंख्यक तथा अन्य जोखिम्मा रहेका व्यक्तिहरुको संख्या तथा अवस्था उल्लेख गर्ने ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | १. महिला तथा बालबालिका कार्यालय | दोश्रो दिन |
| प्रारम्भिक प्रतिबेदन तथा अन्य संरक्षणसंग जोडिएका परिस्थितिको लेखाजोखा तथा समीक्षा गर्ने ।<br>प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित स्थानीय तहसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने ।<br>प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने । | क.बिषयगत क्षेत्रसदस्यहरु<br>ख. स्थानीय तह महिलाबालबालिका तथा सामाजिक बिकास शाखा | दोश्रो दिनदेखि निरन्तर |
| प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला, किशोरी,वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरु, लैंगिक अल्पसंख्यक,जेष्ठ नागरिकहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br>सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरु तथा महिलाहरुलाई मर्यादा सामाग्री (Dignity and Kishori Kit)वितरण गर्ने ।<br>मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समुदायमा सेवा उपलव्धताको लागि पैरवी गर्ने । | क.स्थानीय तह महिलाबालबालिका तथा सामाजिक बिकास शाखा,<br>बिषयगत क्षेत्र सदस्यहरु | प्रभावित क्षेत्रमा मानवीय सेवा उपलब्ध गराउन शुरु गरेपछि निरन्तर रुपमा । |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster Contingency Plan) को समीक्षा गर्ने | स्थानीय तहमा संरक्षणक्षेत्रको बैठक बसी समीक्षा गर्ने । | ७ दिनभित्र |
| पारिवारीक रुपमा बिछोडिएका बालबालिकाहरुको खोजी गर्ने र पुनर्मिलन कार्य गराउने | स्थानीय तहमा संरक्षण क्षेत्र | पहिलो हप्ता |
| संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगको लागि गरिएको प्रतिवद्धताको कार्यान्वयन गर्ने । | स्थानीय तहमा संरक्षण क्षेत्र | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निमित्त टोली खटाउने | स्थानीय तहमा संरक्षण क्षेत्र | दोश्रो हप्तादेखी निरन्तर |
| जोखिम्मा रहेका समूहहरूको पहिचानलगायत पहिलो ४० दिनभित्र तत्कालीन मानवीय सहयोग/सम्झौता ।<br>क. ५ वर्ष मुनिका बालबालिकाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडा ।<br>ख.सुत्केरी र ६ महिनासम्मका वच्चाका आमाहरुको लागि आवश्यक पोषण युक्त खाना र लत्ता कपडा ।<br>ग.परिवारबाट विछोडिएका बालबालिकाहरुलाई बाल पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>घ. लैंगिकतामा आधारित हिंसामा परेका बालबालिका तथा महिलाहरुलाई | स्थानीय तहमा संरक्षण क्षेत्र | पहिलो दिनदेखि नै निरन्तर रुपमा गर्ने । |

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । संरक्षणको आवश्यकता भएका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई पुनर्स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने ।<br>ङ. लैगिक हिंसा रोकथामको लागि प्रेषण प्रणाली स्थापना तथा सवलीकरण गर्ने ।<br>च. महिला तथा किशोरीहरूका लागि मर्यादा कायम गर्ने र डिग्निटी किट वितरण ।<br>छ. महिलामैत्री स्थाहरूको पहिचान गर्ने तथा सुरक्षित स्थान निर्माण गर्ने । | | |
| **सहयोगसम्बन्धी गतिविधि – अन्तरिम अवधिका लागि (४०-९०) दिनको अवधीमा** | | |
| क्षेत्रगत समन्वय वैठक गर्ने ।<br>मनोसामाजिक असर देखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>विपद्मा महिला तथा बालबालिकामा पर्नसक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरु गर्ने जस्तैः लैरिक हिंसा रोकथाम, मानव बेचबिखन, बाल संरक्षण, मनोबिमर्श सेवा, यौन हिंसा तथा सहयोगबारे जानकारी आदि ।<br>लैरिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरुमा सिफारिस प्रणालीमा काम गर्ने । शिबिर वा अस्थायी आश्रय स्थल भित्र संरक्षण आबश्यक भएमा महिला, बालबालिका तथा जेष्ठ नागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने ।<br>विपद्पछि हुनसक्ने ओसारपसार रोक्नका लागि गतिविधि सञ्चालन गर्ने । | स्थानीय तह संरक्षण क्षेत्र तथा क्षेत्रगत सदस्यहरु | दुई हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने । मानवीय सहायताको प्रतिवेदन तयारी तथा जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | स्थानिय तहमा रहेको संरक्षण क्षेत्रको क्षेत्रगत सदस्यहरु | निरन्तर जारी |

**४.५.३आपत्कालीन परिस्थितिको पूर्वतयारीः आपत्कालीन परिस्थितिभन्दा पहिले)**

| पूर्व-तयारीसम्बन्धी गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| **व्यवस्थापन तथा समन्वयसम्बन्धी व्यवस्थाः**<br>जिल्लाका क्षेत्रगत साझेदारहरूका बीचमा समन्वय, श्रोत पहिचान सम्झौता गर्ने तथा श्रोत पहिचान गर्ने तथा जिम्मेबारी बाँडफाँडमा सहमति कायम गर्ने, पूर्वतयारी तथा सहयोगसम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगानासहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | महिला बालबालिका तथा सामाजिक विकास शाखा, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | बैषाख |
| **सिकिएका पाठ :**<br>यस वर्षको आकस्मिक योजनामा समावेश गर्नका लागि बाढी प्रतिकार्य २०७१र२०७४ तथा गोरखा भूकम्पको अनुभवबाट हरेक क्षेत्रभित्र सिकिएका प्रमुख पाठहरूको पहिचान, पूर्व तयारी गर्ने । कसले के गर्ने भन्ने जिम्मेवारी बाँडफाँड गर्ने । | महिला बालबालिका तथा सामाजिक विकास शाखा, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | जेठसम्म |
| **आधाररेखा जानकारी/अन्य स्रोतबाट तथ्याङ्क सङ्कलन :**<br>बाढी वा विपत् आउनसक्ने गापाहरुसँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क ।<br>सार्वजनिक सुविधाहरू रहेका ठाउँ देखाउने नक्सा ।<br>जिल्लाका विभिन्ननिकाय/सरोकारवालाहरूसँग उपलब्ध स्रोतको नक्साङ्कन | महिला बालबालिका तथा सामाजिक विकास शाखा, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | आषाढ महिनाको अन्तसम्म |
| **क्षमता विकास :**<br>संरक्षण सम्बन्धी तालिमको लागि समन्वय गर्ने ।<br>क.मनोसामाजिक तालिम आवश्यकतानुसार प्रदान गर्ने ।<br>ख.शारिरीक रुपमा अशक्त, जेष्ठ नागरिक तथा अपाङ्गताभएका बालबालिकाहरुलाई आपत्कालीन अवस्थामा संरक्षण तालिम । | महिला बालबालिका तथा सामाजिक विकास शाखा, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | आषाढ महिनाको अन्तसम्म |
| आपत्कालीन संरक्षण सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको तथ्यांक संकलन गर्ने<br>अपुग सामग्री (gaps)को पहिचान गर्ने । | महिला बालबालिका तथा सामाजिक विकास शाखा, स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | आषाढ महिनाको अन्तसम्म |

| पूर्व-तयारीसम्बन्धी गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय वैठक पूर्वतयारी गतिविधिहरूको अनुगमन गर्नका लागि कार्य योजना । | स्थानीय तह तथा क्षेत्रगत सदस्यहरु | जेष्ठ महिनामा |

**४.५.४कार्यक्रम तथा बजेट :**

| क.स. | प्रमुखकार्यहरु | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | संरक्षण बिषयगत क्षेत्र सदस्यहरुको समन्वय वैठक | वैठक | ४ |
| २ | संरक्षण बिषयगत क्षेत्रका सदस्यहरुलाई अधिकारमा आधारित GBV, CRC, Emergency Response, IRA, MIRAतालिमप्रदान गर्ने | ब्याच | १ |
| ३ | संरक्षणमा आधारित गाविस स्थित संयन्त्रलाई अभिमुखीकरण । | गापा | १४ |
| ४ | मनोसामाजिकविमर्शाकर्ताको पहिचान गरी सूचीकृत गराउने तथाआवश्यकताअनुसार परिचालन गराउने । | जना | ४ |
| ५ | आचारसंहितातयार गरी सरोकारवालालाई अभिमुखीकरण गर्ने । | पटक | १ |
| ६ | अपाङ्गता भएकालाई सहयोगी सामाग्री ( व्हील चेयर, बैसाखी, सिठी, आदि) | पटक | १ |
| ७ | विस्थापितअवस्थामाहुने जोखिमप्रतिजनचेतनाजगाउने IEC सामाग्रीवितरण तथाप्रचार प्रसार | पटक | १ |
| ८ | Emergency Contraception/Rape Treatment Kit Supply(UNFPAमार्फत स्वास्थ्यकार्यालयमा भण्डार भइसकेको) | सेट | ० |
| ९ | Female Dignity kits (UNFPAकपिलवस्तुमा भण्डार भएको ) | सेट | १८० |
| १० | Rape Treatment kits UNFPA country officeमा रहेको । आवश्यकतानुसार माग गर्ने | सेट | |
| ११ | अनुगमन, मूल्यांकन र समिक्षा वैठक | पटक | ४ |

### ४.६. खानेपानी,सरसफाई तथा स्वच्छता (WASH)

**नेतृत्व प्रदान गर्ने निकाय :** खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय
**सह नेतृत्व गर्ने निकाय :** युनिसेफ
**विपद्सम्बन्धी परिस्थिति :** विपद्का सम्भावित मानवीय असर

- बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खानेपानीको मुहान अवरुद्ध हुने गरी इनारहरू दूषित हुनेछन् र सम्भवत : बाढीमा डुब्नेछन् ।
- वातावरण प्रदुषित हुने गरी शौचालयहरू भरिन सक्दछन् ।
- सुरक्षित पानीको अभाव तथा ढलबाट दुषित वातावरणले गर्दा झाडापखाला तथा हैजा फैलने जोखिम बढ्नेछ ।
- प्रभावितहरु समक्ष सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरूको पहुँच नहुने ।

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर-सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिने र तिनको रोकथाम गर्ने ।

**विशिष्ट उद्देश्य :**

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा (cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**मानवीय सहयोगका न्यूनतम मापदण्ड : स्फेयर मापदण्ड**

१. प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।
२. शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ४० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की (tablets) अथवा वाटर गार्ड (water guard)उपलब्ध गराउने ।
४. शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई बढाउने गरी) को निर्माण गर्ने ।
४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी सङ्गठन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग समन्वय गरी स्वास्थ्य तथा सरसफाई सम्बन्धी सामाग्रीहरु(Hyegine kits)वितरण गर्ने र स्वच्छता प्रवर्धनसम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने) सञ्चलन गर्ने ।

**४.६.१विद्यमानश्रोत तथाक्षमताको विवरण**

**खानेपानी सरसफाई सवडिभिजन कार्यालय तथा रहेका समानः**

| क्र.स. | सामग्रीको विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | हेण्ड पम्प | सेट | २० | |
| २ | सूचना, शिक्षातथा संचार सामग्रीहरु(IEC Materials) | थान | २००० | |
| ४ | पश्चिम नेपाल ग्रामीण खानेपानीतथा सरसफाई WASHकार्यक्रमअन्तर्गत रहेका सामाग्रीहरु | | | |
| ४ | खानेपानी, स्वास्थ्य र सरसफाई संबन्धीमानवस्रोतहरु(WASH Motivators and Engineer, Sub Engineers, WSST) | जना | ९ | |
| ५ | खानेपानीका टेन्करहरु(Water Tankers) | थान | १ | |

**४.६.२विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना** (विपद्‌को अवधिमा लागु हुने)

| **सहयोग गतिविधि (के)** | **जिम्मेवार निकाय** | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि –तत्कालका लागि (०-९० दिनसम्म)** | | |
| क्षेत्रगत सदस्यहरुको आकस्मिक बैठक संचालन ।<br>विपद् अवस्थाको विश्लेषण ।<br>प्रतिकार्यको तयारी गर्ने ।<br>सूचना डेस्क स्थापना । | ख.पा.स.स.डि.का. | पहिलो दिन |
| स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागि अन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | खा.पा.स.स.डि.का. र सरोकारवालाहरु | दोस्रो दिन |
| क्षेत्रगत सदस्यहरुबीच विपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली विपद् स्थलमा खटाउने । | ख.पा.स.स.डि.का.<br>जिसस | पहिलो हप्ता |
| प्रविधिक टोलीद्वारा संकलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन | खा.पा.स.डि.का.,<br>स्थानीय तह | दोस्रो हप्ता |
| सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाई कायम गर्नको लागि उपयूक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुऱ्याउनको लागि पानीको वितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम संचालन गर्ने । | खा.पा.स.स.डि.का.<br>स्थानीय तह | पहिलो महिना |
| सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा संचालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा.योजना संचालनका लागि पाईप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने । | जि.स.स.स्थानीय तह,खा.पा.स.स. | दोस्रो महिना |
| सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने । | स्थानीय तह<br>खा.पा.स.स.डि.का. | तेस्रो महिना |

| | | |
|---|---|---|
| सम्बन्धित सबै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन पठाउने ।<br>जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | | |

**४.६.३आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (विपद्भन्दा पहिले)**

| क्र.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| | जिल्लाका क्षेत्रगत साझेदारहरुकाबीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने । | खा.पा.स.स.डि.का. | मंसिर, फागुन र जेठ |
| २ | प्रभाबित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आकलन तथा खानेपानी तथा सरसफाईका लागि योजना निर्माण | खा.पा.स.स.डि.का./गै. स.स र रेडक्रस | बैशाखसम्म |
| ४ | सुरक्षित खानेपानी सुचारु गर्न आवश्यक पर्ने सामग्री तथा जनशक्ति तयारी अवस्थामा राख्ने | खा.पा.स.स.डि.का. | बैशाख |
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने । | खा.पा.स.स.डि.का | चैत्र |
| ५ | विपद् जानसक्ने सम्बन्धित क्षेत्रको तथ्यांक लिई त्यस क्षेत्रमा उत्पन्न हुनसक्ने खानेपानी समस्याको आकलन गर्ने | खा.पा.स.डि.का<br>सवै सरोकारवाला | फागुन |
| ६ | आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने खानेपानी योजनाहरु र प्रभावित हुनसक्ने घरपरिवार संख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात विभिन्न निकायहरुसंग उपलब्ध मौज्दात विवरण लिने । | खा.पा.सरसफाई सव डिभिजन तथा सवै सरोकारवाला | असार |
| ७ | अपुग सामग्रीको पहिचान गर्ने<br>पुस्तिका, पोस्टर, सूचना तथा संचार सम्बन्धी सामग्रीहरु पूर्वतयारी अवस्थामा राख्ने । | खा.पा.स.स.डि.का.<br>सवै सरोकारवाला | असार |

**४.६.४ कार्यक्रम बजेट**

| क्र.स. | प्रमुखकार्यहरु | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | क्लष्टर वैठक TOR मा छलफल र अनुमोदन र नया साझेदारहरुको पहिचान र आवद्धता | वैठक | ४ |
| २ | Hygiene Kits, ORS,पानी शुद्धिकरण गर्ने सामाग्रीहरु<br>भण्डारण । | महिना | १२ |
| ४ | पानी संकलन गर्ने १००० लि.को टंकी | वटा | १ |
| ४. | बहु क्षेत्रगतप्रारम्भिकद्रुत लेखाजोखा(MIRA) तालीम | ब्याच | १ |
| ५ | हातधुने, सरसफाई, शौचालयको प्रयोग, पानी शुद्धिकरण, हाईजिन किट प्रयोग सम्बन्धी FCHVलाई अभिमुखीकरण तालिमदिने । | गापा, नपा | १४ |
| ६. | WASH Technician, स्थानीय स्वय सेवक, आमा समूह, युवा, वालक्लव, स्थानीय राजनैतिकदलहरुलाई अनुशिक्षण दिने । | गापा, नपा | १४ |
| ७ | हेण्ड पम्प २० वटा | वटा | २० |
| ८ | हाईजिन किट १०० | सेट | १०० |
| ९ | खाल्डे चर्पीको लागिप्यान, प्लासिटक बोरा आदि । | सेट | ५० |
| १० | शौचालय सरसफाई सामग्री | सेट | ५० |
| ११ | विद्यमानखानेपानीको पम्प मर्मत संभार | सेट | ५० |
| १२ | ढल निकास व्यवस्थापन | सेट | १ |
| १४ | स्वयंसेवक परिचालन | जना | ४० |
| १४ | संचार माध्यम परिचालन | पटक | १ |
| १५ | फोहर व्यवस्थापन | जना | २० |
| १६ | अनुगमन/मूल्यांकन | पटक | १ |

### ४.७. कृषि, खाद्य तथा जिविकोपार्जन (Agriculture, Food & Livelihood)

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads): कृषि ज्ञान केन्द्र, स्थानीय तह**
**सह नेतृत्व गर्ने निकाय(Cluster Co-Leads): विश्व खाद्य कार्यक्रम**
**विपद् सम्बन्धी परिस्थिति : विपद्को सम्भावित मानवीय असर**

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्नप्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्नसम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने ।
- कृषि बालिमा व्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (Coping strategy)मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा ।

**समष्टिगत उद्देश्य :**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवनरक्षासम्बन्धी रणनीतिहरू (Survival strategies)का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

**मानवीय सहयोगको मापदण्ड : (स्फेयर मापदण्ड)**

- प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :

(१) प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन ।
(२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पुरक रासनको रूपमा उपलब्ध गराउने ।
(३) निश्चित समूहका व्यक्तिहरूका (जस्तै साना केटाकेटी, गर्भवती महिला,एच्आईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यान्नको व्यवस्था ।

- मापदण्ड बमोजिमको खाद्यान्न प्याकेज सिफारिस गरीएको छ

**चामल–**प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम,
**दाल –**प्रतिदिन प्रतिव्यक्ति ८० ग्राम
**वनस्पति तेल –**प्रतिदिन प्रतिव्यक्ति ४० ग्राम,
**नुन –** प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम

- स्थानीयतहले प्रभावित क्षेत्र र परिस्थितिबमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनुपर्दछ तर पनि शुरुमा घरायसीस्तरमा गरिने वितरण र बिस्तृत लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ ।

#### ४.७.१ विद्यमानश्रोत तथाक्षमताको सूची

| क्र.सं. | साझेदारको नाम | खाद्यतथाजीविकोपार्जन सामग्री | जनशक्ति | सवारी साधन | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषिज्ञान केन्द्र | बीउ, मल, कृषिऔजार | खाद्यतथा कृषि विज्ञ | | |
| २ | स्थानीय तह | बीउ, मल, कृषिऔजार | कृषि प्राविधिक | | |
| ४ | डिभिजन वन कार्यालय | काठ, दाउरा, सामुदायिकवनमा रहेको स्रोत | जीविकोपार्जन विज्ञहरु | | |
| ४ | बिश्व खाद्य कार्यक्रम | खाद्यान्न सहयोग | | | |
| ५ | भेटेनरी तथा पशु विज्ञ अस्पताल | पशु स्वास्थ्य सेवा | पशु स्वास्थ्य प्राविधिक | | |
| ६ | ने रे सो | भाँडाकुँडा, खाद्य सामग्रीहरु | स्वयंसेवकहरु | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | उ वा स | आवश्यक खाद्य सामग्रीहरु | स्वयंसेवकहरु | | |
| ८ | यू.एम.एन. | बीउ, मल, आवश्यकखाद्य सामाग्रीहरु | प्राविधिकजनशक्ति | | |
| ९ | गैसस | आवश्यकखाद्य सामग्रीहरु | स्वयंसेवकहरु | | |

### ४.७.२ कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजना : आपत्कालीन परिस्थितिको अवधिमा

| सहयोग गतिविधि (के) | जिम्मेवार निकाय (कस्ले) | **कहिलेसम्म** |
|---|---|---|
| **सहयोगसम्बन्धी गतिविधि – तत्कालका लागि (०-४० दिनसम्म)** | | |
| • तत्काल क्लष्टर सूचना संकलन तथा सहयोग डेस्क स्थापना ।<br>• सदस्यहरूकाबीच  समन्वय वैठक गर्ने ।<br>• क्षतिको सूचना संकलन गर्ने । | कृषि ज्ञान केन्द्र,<br>स्थानीय तहको कृषि विकास शाखा | पहिलो दिन |
| • तथ्यांक संकलन तथा विश्लेषण गर्ने ।<br>• पशुधनको सुरक्षा तथा मृत पशुहरूको उचित व्यवस्थापन गर्न जि.प.सेवा कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने<br>• सहयोगको खाद्य सामाग्री संकलन र बितरणको जिम्मेबारी बाँडफाँड गर्ने । | स्थानीय तहको कृषि विकास शाखा<br>स्थानीय उबासंघहरू | दोस्रो दिन |
| • पीडितहरूको लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने) ।<br>• खाद्य सामग्री वितरण ।<br>• एकद्वार पद्धतिको विकास गर्ने ।<br>• खाद्य गोदामलाई सुरक्षित र पायक पर्ने ईलाकामा राख्ने ।<br>• गोदाम सुरक्षाको प्रबन्ध गर्ने । | स्थानीय तह, डिडिएमसी, स्थानीय रेडक्रस सोसाइटीका उपशाखाहरू<br>स्थानीय उबासंघहरू | पहिलो हप्ता |
| • स्थलगत छलफल तथा अवस्थाको समिक्षा<br>• छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि विउविजन र पशु वा पंक्षी वितरण गर्ने । | स्थानीय तहको कृषि तथा पशु विकास शाखा | पहिलो महिना |
| **सहयोग सम्बन्धी गतिविधि–तत्कालका लागि (४०-९० दिनसम्म)** | | |
| • जिविकोपार्जनमुखी क्रियाकलाप संचालन ।<br>• राहतको विउ वितरण, तालिम ।<br>• पुनः अघिल्लो महिनाका क्रियाकलापको अनुगमनलाई निरन्तरता । | स्थानीयतहको कृषि तथा पशु विकास शाखा | दोस्रो र तेस्रो महिना |
| • सम्बन्धित समुदायसँग छलफल गरी कार्यक्रम तय गर्ने ।<br>• आपत्कालीन कोष स्थापनाको लागि स्थानीय तहसंग अनुरोध गरी पहल गर्ने । | स्थानीय तहको कृषि तथा पशु विकास शाखा | सो भन्दा बढी |

### ४.७.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले:

| **पूर्व-तयारीसम्बन्धी गतिविधि (के)** | **जिम्मेवार निकाय(को)** | **समय अवधि (कहिले)** |
|---|---|---|
| विपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारी अवस्थामा राख्ने । | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | असारको पहिलो हप्ता |
| ावश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| ्थानीय तहस्थित विपद् प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने । | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| ावितको माग संकलनका लागि छलफल | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | कार्तिक |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका | कृषि ज्ञान केन्द्र/ | बैशाख |

| | | |
|---|---|---|
| प्रस्तुत गर्ने । | स्थानीय तहको कृषि विकास शाखा | |
| विभिन्न तरकारी तथा खाद्यान्न बालिका किटहरु वितरण गर्ने | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | असोज<br>कार्तिक |
| साना सिंचाई योजनाहरु सहयोग गर्ने | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | जेठ असार |
| क्षमता अभिबृदि तथा भण्डारण तालिम | कृषि ज्ञान केन्द्र/<br>स्थानीय तहको कृषि विकास शाखा | जेठ |

**४.७.४ खाद्य सामाग्रीको विवरण :**

| क्र.स. | नम | परिमाण |
|---|---|---|
| १ | सर्वोत्तम पिठो | एक जनाको लागि २५० ग्रामप्रतिदिन |
| २ | धुलो दुध | प्रतिव्यक्तिप्रतिदिन १०० ग्राम |
| ४ | चिउरा, भुजा,चाउचाउ, विस्कुट | आवश्यकताअनुसार |
| ४ | खुर्सानी, मसला | आवश्यकताअनुसार |
| ५ | आलु, प्याज, सोयाविन | आवश्यकताअनुसार |

**४.७.५ कार्यक्रम बजेट :**

| क्र.स. | नम | विवरण | इकाई | परिमाण |
|---|---|---|---|---|
| १ | समन्वय बैठक | क्लस्टर सदस्यहरु | बैठक | ४ |
| २ | तथ्यांक संकलन | क्लस्टर सदस्यहरु | पटक | १ |
| ४ | सर्वोत्तम पिठो | एक जनाको लागि २५० ग्रामप्रतिदिन | कि.ग्रा. | १९५० |
| ४ | धुलो दुध | प्रतिव्यक्तिप्रतिदिन १०० ग्राम | कि.ग्रा. | १३५० |
| ५ | विस्कुट | ६०० जना (२ प्याकेट ४ दिन) | प्याकेट | ३००० |
| ६ | चिउरा | १६६० जना (दैनिक २०० ग्राम १० दिन) | किलो | ३३२० |
| ७ | चउचाउ | प्रति २ व्यक्ति १ प्याकेट ४ दिन | प्याकेट | ३००० |
| ८ | चमल | प्रतिव्यक्ति ४२० ग्रा. | किलो | २०१०० |
| ९ | दाल | ४४० परिवार (दैनिक २०० ग्राम) | किलो | २८०० |
| १० | तेल | ४४० परिवार (दैनिक २०० ग्राम) | लिटर | १८०० |
| ११ | नुन, खुर्सानी, मसला | ४४० परिवार (दैनिक रु २५) | रु. | ९९०० |
| १२ | तरकारी (आलु, प्याज, सोयविन, गेडागुडी) | ४४० परिवार (दैनिक रु. ६०) | रु. | ९९०० |
| १४ | तरकारी, फलफूल तथा पशुपालन सम्बन्धी तालीम संचालन | प्रकोप प्रभावित परिवारका ५० जनालाई जीविकोपार्जन प्रवर्द्धनको लागि तालीम प्रदान | पटक | १ |
| १५ | बीउ, विरुवा तथा चल्ला पाठा पाठी तथा आवश्यक औषधि तथा भ्याक्सिन वितरण | जीविकोपार्जनको लागि तालीम प्राप्त व्यक्तिलाई लगानी सहयोग | पटक | ५० |
| १६ | खेती योग्य जमीन विकास तथा बचावटका लागि बाँध निर्माण | जोखिमपूर्ण स्थानहरुमा स्पर निर्माण | संख्या | २ |
| १७ | बृक्षारोपण | नदी किनार तथा खाली ठाउँमा बृक्षारोपण | स्थान | ३ |
| १८ | नियमित अनुगमन | कृषि ज्ञान केन्द्रका तथा क्लस्टर सदस्यहरुबाट अनुगमन | पटक | ३ |

४.८ बिषयगत क्षेत्र : - राहत तथा पुन निर्माण( Relief/Reconstruction/Rehabilitation)

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads):** जिल्ला समन्वय समिति/स्थानीय तह सबै
**मुख्य सहयोगी निकाय : साझेदार निकायहरु,** युएनडिपी
**विपद् सम्बन्धी परिस्थिति : विपद्को सम्भावित मानवीय असर**

- प्रभावित परिवारको गास,बाँस र कपास प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य नियमित गतिविधिहरुमा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने ।
- कृषि जीविकोपार्जनमा क्षति, आवास व्यवस्थापन सामना गर्ने रणनीति (Coping strategy)मा बाधाका कारणहरूले गर्दा उच्च असुरक्षा ।

**समष्टिगत उद्देश्य :**

- प्रभावित व्यक्तिहरूका लागि तत्काल राहत उपलब्ध गराउने र "**अझ राम्रो, अझ बलियो**" अवधारण अनुसार पूननिर्माण तथा पुनस्थापना गरी प्रभावितहरुको जीवनलाई सामान्य तर्फ उन्मुख गर्ने ।

**विशिष्ट उद्देश्य :**

- जीवनरक्षासम्बन्धी रणनीतिहरू(Survival strategies)का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना, गैरखाद्य सामाग्री लगायत अन्य सहयोग सामाग्रीहरु उपलब्ध गराउने र दीर्घकालीन रुपमा पारिवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पुनर्लाभ (Recovery)तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गरी पुर्ननिर्माण तथा पुनस्थापनाका कार्यहरुलाई योजनाबद्ध तरीकाले कार्यानवन गर्ने ।

**मानवीय सहयोगको मापदण्ड : (स्फेयर मापदण्ड)**

- प्रभावितहरुलाई सबै तह र निकायहरुसँग समन्वय गरी तोकीएको मापदण्ड अनुसारका गतिविधिहरु कार्यान्वयन गर्ने ।

**४.८.१ आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (विपद्भन्दा पहिले)**

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुकाबीच क्लस्टर सदस्यको वैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमती कायम गर्ने । | जिसंस तथा सदस्यहरु | मंसिर, फागुन र असार |
| २ | प्रभावित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आँकलन गरी क्षेत्रगत जिम्मबारी बाँडफाँड । | जिसंस तथा सदस्यहरु | बैशाखसम्म |
| ३ | स्थानीय तहमा उद्धार तथा राहतमा प्रयोग हुनसक्ने औजार उपकरणको तयारी र क्षेत्रगत भण्डारण गर्न समन्वय गर्ने | जिसंस तथा सदस्यहरु | जेठ |
| ४ | बर्षायाममा खोलाले अबरोध पुऱ्याउने भएकाले खोला छेउमा पोल गाडी डोरी टागेर आपत्कालीन खोला तर्न तयारी अबस्थामा राख्ने | जिसंस तथा सदस्यहरु. | असार मसान्तसम्म |
| | कृतिम तयारी अभ्यास | रेडक्रस, जिसंस डिडिएमसी | असारमा |
| ६ | स्थानीय तहमा लेखाजोखा टोलीका तयार गर्नका लागि समन्वय गरी क्षमता अभिबृद्धिका गर्ने । | स्थानीय तह, जिसस | जेठ |
| ७ | स्थानीय तहमा विपद् तथा राहत व्यवस्थापन कोषको स्थापना गर्न लगाउने | स्थानीय तह, जिसस | जेठ |

४.८.२ विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना

| सहयोग गतिविधि | जिम्मेवार निकाय | हिलेसम्म |
|---|---|---|
| **सहयोग सम्बन्धी गतिविधि – तत्कालका लागि (०-३० देखी ९० दिनसम्म निरन्तर)** | | |
| जिल्ला आपत्कालीन सञ्चालन केन्द्र (DEOC)मा अवस्थाको बारेमा | जिल्ला प्रशासन कार्यालय, | हिलो दिन |

| | | |
|---|---|---|
| जानकारी प्रदान गर्ने तथा सूचना लिने ।<br>लत्ता कपडा, पाल, कम्बल, भाँडा, खाद्यान्न तथा राहत वितरण र प्राथमिक उपचार कार्य समन्वय । | सेना, प्रहरी, जिसंस, स्वास्थ्य कार्यालय नेरेसो | |
| विपद् व्यवस्थापनको अनुगमन गरी नपुग सामग्रीहरूको उचित व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला संमन्वय समिति | दोस्रो दिन |
| सरूवा रोगहरू फैलिन नदिन चेतनामूलक कार्यक्रम संचालन गर्ने | स्वास्थ्य कार्यालय<br>सुआहारा दोश्रो | हिलो हप्ता |
| अस्थायी बासस्थानका लागि आवश्यक कार्य सुरू गर्ने | जिसंस, शहरी बिकास तथा भवन, नेरेसो, नपा, गापा, विद्यालयहरु | हिलो महिना |
| मानवीय सहयोगलाई निरन्तरता | जिसंस नपा गापा अन्य सहयोगी निकायहरु | स्रो महिना |
| क्षतिग्रस्त भवन तथा संस्थाहरुको पुनर्निर्माण (अस्थायी) | जिसंस, नपा, गापा अन्य सहयोगी निकायहरु | स्रो महिना |
| क्षतिग्रस्त भवन तथा संस्थाहरुको स्थायी पुनर्निर्माण | स्थानीय तह | निरन्तर |

## ५. भूकम्पीय जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना

### ५.१ भूमिका :

भूगर्भ विद्हरुको भनाई अनुसार भारतीय भुखण्ड र तिव्वेती भूखण्डका विशाल पाटाहरु नेपालको क्षेत्रमा जोडिएको हुँदायीदुई भूखण्डहरुको हलचलले नेपालम ाभूकम्प जान सक्ने बैज्ञानिकहरुको ठहर रहेको छ। प्रत्येक दिन धेरै संख्यामा स-साना भूकम्पहरु गई रहेको हुन्छ । नेपालको इतिहास हेर्दा यहाँबर्षेनी साना ठुला भूकम्प गएको उदाहरणहरु छन । वि.स.१९९० सालको भूकम्पबाट ८५१९ व्यक्तिहरुको मृत्यु भएको थियो भने २०४५ सालको भूकम्पबाट ७२१ व्यक्तिहरुले ज्यान गुमाएका थिए । २०७२ को बैशाख १२ र २९ मा गएको त्रासदिपूर्ण भूकम्प र त्यसपश्चात गएका पराकम्पनबाट ८८९६ जना मृत्यु, २२३०२ जनामानिसहरु घाइते भएका र १९८ वेपत्ता, ८८६४५६ परिवारहरु प्रभावित भएकाथिए । यस्ता किसिमका भूकम्पीय घटनाहरु कुन बेलाकुन समयमा क्षति गर्छ भन्ने पूर्वानुमान गर्न सकिदैन । यो सम्भावित भूकम्पबाट कसरी बच्ने? यसको सामना कसरी गर्ने ? भन्ने विषयमा सोच्नु र छलफल गर्नु आवश्यक छ । यसको सामना पूर्णरुपमा गर्न नसकिएता पनि यसबाट हुनसक्ने सम्भावित क्षतिलाई भने कम गर्न सकिन्छ । भूकम्प आएको बेला नआत्तिने र शान्त रहने, ढोकामा उभिने वा टेबुल, डेस्क खाटमुनि छिर्ने, भत्कन सक्ने झयाल, खस्न सक्ने बस्तुको नजिक नबस्ने, यदि भूईतल्लामा भए नआत्तिकन तुरुन्त बाहिर निस्कने र सुरक्षित स्थानमा बस्ने, भुकम्पको बेला भर्‍याङ्गबाट नहिंड्ने, झ्यालबाट हाम नफाल्ने, बिजुलीको लाईन, खोलाको किनारा, अग्लाअग्ला रुख तथा भवन नजिक नजाने, सवारी साधन चलाईरहको भए सडकबाट हटेर सुरक्षित स्थानतर्फ लाग्ने र रोक्ने, बच्चा, बृद्ध, गर्भवती र अशक्तहरुलाई प्राथमिकताका साथ मद्दत गर्ने गर्नु पर्छ ।

भूकम्पीय जोखिमन्यूनीकरणको लागिप्रत्येक गाउँ, शहर, तथा धेरै मानिसहरु बस्ने विद्यालय, कलेज, उद्योग आदि स्थानहरुमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजनाबनाई कार्यान्वयनमा ल्याउने, भवन निर्माण आचारसंहिता पालना गर्ने गरेमा भूकम्पीय विपदबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । कपिलवस्तु जिल्लामा विगतमा भूकम्पको कारणबाट धेरै ठूलो जनधनको क्षति नभएतापनि बढ्दो शहरी तथा औद्योगिकीकरणको कारण ठूला ठूला घर संरचनाहरुको निर्माण भईरहेका छन । धेरै बालबालिका तथा युवाहरु पढ्ने स्कूल तथा कलेजहरु निर्माण भइरहेका छन । यसरी बनिरहेका भवनतथा संरचनाहरु भूकम्पीय जोखिमबाट सुरक्षितहुने गरी तोकिएको मापदण्ड अनुसार नबनाइएका र पहिले बनिसकेका पुराना घर संरचनाहरु गैर इन्जिनियरिंग तरिकाले बिना मापदण्ड बनेका हुँदा कपिलवस्तु जिल्ला पनि भूकम्पीय जोखिममा छ भन्न सकिन्छ । तसर्थ भूकम्पको जोखिमबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न र संभावित विपद्लाई सम्वोधन गर्न, पूर्वतयारी गरी सबैलाई सचेत र सजग बनाउन भूकम्प संबन्धी पूर्वतयारी तथा प्रतिकार्य योजना प्रस्तुत गरिएको छ ।

**क) भूकम्प पछिको अनुमानित परिदृश्य**

- घर भवनभत्किएर मानिसहरुको मृत्यु भएको, च्यापिएको, पुरिएको, चोटपटक लागि घाइते भएको, आवास,खाद्यान्न, लत्ता कपडा आदिको अभावभई मानिसहरु अलपत्रभएको अवस्था ।
- पशुपंक्षी पुरिएको मृत्यु तथा घाइते भएको अवस्था ।
- वातावरणीय समस्यातथा अस्तव्यस्त जनजीवन ।
- बिशेष प्रकारको स्याहार आवश्यकता पर्ने गर्भवती, सुत्केरी, बालबच्चाहरु, बृद्ध बृद्धा एवं अपाङ्गताभएका व्यक्तिहरुलाई तत्काल सेवा सुविधाको आवश्यकता ।

**ख) उद्देश्य**

- भूकम्पबाट प्रभावितव्यक्तिहरुको लागि सुरक्षित तथा आरामदायी आवास, खाद्यान्न, औषधोपचारको साथै उनीहरुका बस्तुभाउको उचित व्यवस्थापन गर्नु ।
- भूकम्प सम्बन्धी सचेतना तथा पूर्वतयारी गर्नु ।

**ग) मानवीय सहयोग सम्बन्धी मापदण्ड**

१. औसतमा एक व्यक्तिकालागि ४.५-४.५ वर्ग मिटरको छाना भएको आवास क्षेत्र उपलब्धहुनु पर्छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागिकम्तीमापनि ४x५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्रीआवश्यक हुन्छ ।
२. दुई वर्षसम्मका केटाकेटीहरूका लागिकम्तीमा एक सेट कपडा ।
३. महिला, केटी, पुरूषतथा केटाहरूको लागि कम्तीमा पनि एकसेट कपडा । यसकाअतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाई सम्बन्धी सामग्रीहरुको आपूर्ति ।
४. प्रत्येक परिवारसँग एक सेट भाँडा ।
५. प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्तहुने गरी सामान्य खाद्यान्न (चामल–प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल–प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, वनस्पति तेल–प्रतिदिन प्रतिव्यक्ति ४० मि.लि., नुन–प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम)
६. विरामी तथा घाइतेको लागि उपचारको व्यवस्था ।

**घ) प्रमुख कृयाकलापहरुः**

१. आपत्कालीन आश्रयस्थलको उपयुक्त स्थानहरुको पहिचान तथा व्यवस्था गर्ने ।
२. भूकम्प संभावित स्थानहरुमा सचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।
३. आपत्कालीन अवस्थाको लागि आवश्यक टेन्ट, डोरी, बोरा, कपडा आदि तयारी अवस्थामा राख्ने ।
४. नयाँभवनतथा संरचना निर्माण गर्दा नेपाल सरकारबाट निर्धारित Building Code तथा अन्य प्रावधानहरु अनिवार्य पूरा गर्न लगाउने र जोखिम अवस्थामा रहेका पुराना संरचनाहरुलाई मर्मत संभार (Retrofit) गरी सुरक्षित बनाउने ।

**५.२भूकम्पीय जोखिमन्यूनीकरण कार्यमा संलग्न संघसंस्थाहरुः**

| क्रसं | संस्थाको नाम | भूमिका | सम्पर्क व्यक्ति | मोवाइलनम्बर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | समग्र नेतृत्व, समन्वय | प्र.जि.अ | ९८५७०३७७७७ |
| २ | जिसस | स्थानीय तहसँग समन्वय | जि.स.अ. | ९८५७०७८२२२, ०७६ ५६००२७, ५६००७२, ५६०००५ |
| ४ | नेपाली सेना | खोज तथा उद्धार | प्र.से. | ९८५१२४२०४५ |
| ४ | नेपालप्रहरी | खोज तथा उद्धार | प्रहरी उपरिक्षक | ९८५७०८५५५५/१०० |
| ५ | सशस्त्रप्रहरी | खोज तथा उद्धार | स.प्र.उ. | ९८५१२७२११६ |
| ६ | नेपाल रेडक्रस | प्राथमिक उपचार तथा गैरखाद्य सामाग्री सहयोग | सभापति | ०७६ ५६००१५ |
| ७ | कपिवलस्तु न.पा | राहत,पुनर्निर्माण, | प्रमुखप्रशासकीयअधिकृत | ९८५७०८४१११ |

| | | | | |
|---|---|---|---|---|
| | | पुनस्थापनाका सबै कार्य | | |
| ८ | बुद्धभूमि न.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८४७०३२३६५ |
| ९ | वाणगङ्गा न.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८५७०८७१११ |
| १० | माहाराजगंज न.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८४७६५२९०० |
| १२ | शिवराज न.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८५७०८६१११ / ९८५७०१४५८० |
| १४ | बिजयनगरगा.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८५७०१४८६९ |
| १४ | याशोधरागा.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८५७०५१८४३ |
| १५ | कृष्णनगर न.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | |
| १६ | मयादेवीगा.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८४७०६१३६१ |
| १७ | सुध्दोधनगा.पा. | राहत,पुननिर्माण, पुनस्थापनाका सबै कार्य | प्रमुख प्रशासकीयअधिकृत | ९८५७०५२१०१ |
| १८ | पत्रकार महासंघ जिल्ला शाखा | सहयोगी संस्था | अध्यक्ष | ९८४७०६११९७ |
| १९ | गैससमहासंघ जिल्ला शाखा | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५०४०८ |
| २० | दलित सा.वि.केन्द्र | सहयोगी संस्था | अध्यक्ष | ९८५७०५११५८ |
| २१ | यू.एम.एन. कपिलवस्तु | सहयोगी संस्था | सम्पर्क व्यक्ति (मेल्सनश्रेष्ठ) | ९८४५१५४१९९ |
| २२ | इन्द्रेणी | सहयोगी संस्था | अध्यक्ष | ९८५७०२१२४४ |

**५.३ विद्यमानश्रोत तथाक्षमता**

| क्रसं | कार्यालय/ संस्था | मानवीयश्रोत | मौज्दात उद्धार सामग्री |
|---|---|---|---|
| १ | जिविव्य समिति | १५ | समन्वय, संचार तथा परिचालन |
| २ | जिल्लाप्रहरी कार्यालय | २० जना | गैंची, वेल्चा, डोरी |
| ४ | सशस्त्रप्रहरी कार्यालय | ४० जना | डोरी १०० मिटर, गैची, वेल्चा, डोरी |
| ४ | नेपाली सेना | ४० जना | गैंची, वेल्चा, डोरी |
| ५ | कपिलवस्तु न.पा. | चालक, कर्मचारी | दमकल |
| ६ | रेडक्रस | ५ जना | गैर खाद्य सामाग्री |
| ७. | दलित सा.वि.केन्द्र | कर्मचारी | स्ट्रेचर ७ओटा, ६ ओटा, बेल्चा, गैंची, कोदालो, प्राथमिक उपचार बक्स आदि |

**५.४विपद् पश्चात गरिने प्रतिकार्य योजना(Response Plan)**

| क्रस | प्रमुखकार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | समन्वय बैठक | जिल्ला प्रशासन कार्यालय | यथासिघ्र अथवा आवश्यकता अनुसार |
| २ | परिस्थितीको लेखाजोखा, कार्यदल गठन, कार्य योजनानिर्माण | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | आवश्यकता अनुसार |
| ३ | भूकम्प प्रभावितहरु पहिचान एकिन भए पछि परिचय पत्र वितरण | जिविव्य समिति | आवश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| ४. | सुरक्षित स्थलको पहिचान र बसोबास व्यवस्थापन | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | आवश्यकता अनुसार |
| ५ | स्वास्थ्यतथा सुरक्षाको व्यवस्था | समितितथा क्लस्टर सदस्यहरु | आवश्यकता अनुसार |
| ६ | खानेपानी सरसफाईको व्यवस्था | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | यथासिघ्र |
| ७ | किट, चटाई, भाडाकुडा, कपडा, चुल्हो दाउरा जस्ता गैरखाद्य सामाग्रीको व्यवस्था | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | यथासिघ्र |
| ८ | खाद्य सामग्रीको व्यवस्थातथावितरण | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | यथासिघ्र |
| ९ | पुनर्स्थापनाको लागिकार्य | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | यथासिघ्र |
| १० | स्थास्थ्य, सुरक्षा, सरसफाई जस्ता विषयमा विभिन्न निकायसँग समन्वय गरी चेतनामूलक क्रियाकलाप | जिविव्य समितितथा क्लस्टर सदस्यहरु | यथासिघ्र |
| ११ | समिक्षा, मूल्यांकन र प्रतिवेदनदिने | जिविव्य समिति | नियमित/साप्ताहिक |

**५.५ भूकम्पीय जोखिमन्यूनीकरणका लागिपूर्व तयारीयोजना**

| क्रस | प्रमुखकार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | सम्भावित जोखिमहुने क्षेत्र पत्ता लगाउन बैठक | जिविव्य समिति | बैशाख १५ भित्र |
| २ | सम्भावित जोखिमहुने क्षेत्रमा स्थानीय संस्था सरकारी निकाय, समाजसेवी, बुद्धिजीवी राखीपूर्व तयारी सम्बन्धी अन्तरक्रियागोष्ठी गर्ने । | जिविव्य समितितथा सदस्यहरु | बैशाख २५ भित्र |
| ४ | नयाँभवन तथा संरचना निर्माण गर्दा नेपाल सरकारबाट निर्धारित Building Code तथा अन्य प्रावधानहरु अनिवार्य पूरा गर्न लगाउने र जोखिम अवस्थामा रहेका पुराना संरचनाहरुलाई प्रवलीकरण (Retrofit)ग री सुरक्षित बनाउने | नपातथागापाहरु | सधैं, नियमित |
| ४. | घना बस्ती भएकाशहरी इलाका, स्कूल, कलेज आदि स्थानहरुमा Drop, Cover and Hold को कृत्रिम घटना अभ्यास गरी सचेतना बढाउने । | नेपाल प्रहरी, नेपाली सेना, गैसस, विद्यालय | फागुनको दोस्रो हप्ता |
| ५ | उद्दार सामग्रीहरुको सूचीतयार र खरिद | जिविव्य समिति तथा सदस्यहरु | जेठ १५ भित्र |
| ६ | उद्दार सामग्रीप्राप्ती, खरिद तथा भण्डारण | जिविव्य समिति तथा सदस्यहरु | जेठ २० भित्र |
| ७ | आवश्यक सामग्रीहरुको विवरण :<br>डोरी : १०० मि.<br>स्ट्रेचर : २५ वटा<br>हेल्मेट : १०० वटा<br>कोदालो : ५० वटा<br>बेल्चा : ५० | दमकल<br>एम्बुलेन्स,<br>सवारी साधन<br>ईन्धन<br>प्राथमिकउपचार बाकस : १५ वटा | |

**५.६ आवश्यक सामग्रीहरु**

| क्र.सं. | आवश्यक सामग्री | ईकाई | परिमाण |
|---|---|---|---|
| | समन्वय वैठक | पटक | ४ |
| | सुरक्षित स्थलको पहिचान र बसोबास व्यवस्थापन | पटक | १ |
| | खानेपानी सरसफाइ व्यवस्था (१० हे.पाइप र २० शौचालय) | धारा/शौचालय | ३० |
| | चटाई, भाडाकुडा, कपडा, चुल्हो दाउरा | परिवार | ३००० |
| | खाद्य सामग्री व्यवस्था र वितरण | परिवार | १०० |
| | स्ट्रेचर | थान | २० |
| | बेल्चा, | थान | ५० |
| | कोदालो | थान | ५० |
| | बन्चरो | थान | १० |
| | हेलमेट | थान | ५० |
| | खुकुरी | थान | १० |
| | प्राथमिकउपचार बक्स | थान | २५ |
| | सचेतनातालीम | जना | १ |
| | अनुगमन | पटक | २ |

# आगलागी रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७

**भूमिका**

कपिलवस्तु जिल्लामा बर्षेनी पर्ने बिनासकारी प्रकोप मध्ये आगलागी पनि एक रहेको छ । प्रत्येक बर्ष यहाँ साना ठूला गरी लगभग ४०/५० वटा आगलागीका घटनाहरु घट्ने र ५०० भन्दा बढी घर गोठ नष्ट हुने गरेका छन । भर्खर २०७६/२०७७ को वर्षभरी भएको ४९वटा आगलागीका घटनाहरु जिल्लका अधिकांश स्थानहरुमा भएको आगलागीबाट जनधनको क्षति भएको छ । यसप्रकार आगलागीबाट धेरै धनजन, बस्तुभाउ तथा मानवीय क्षति हुनुको साथै तत्काल मानिस तथा पशुपंक्षीहरुको लागि आवास, खाद्य तथा अन्य आवश्यकताहरुको कठिनाई हुने गर्दछ । ग्रामीण इलाकाका अधिकांश घरहरु खर पराल, स्याउला, काठ जस्ता बस्तुहरुबाट बनेका हुँदा यी बस्तुहरुमा सजिलै र तुरुन्तै आगो लाग्न सक्छ र आगलागीका घटनाहरु घट्ने गर्दछन । प्राय गरेर गर्मीयाममा विशेष गरी फागुन देखि जेठ महिना सम्म आगलागीका घटनाहरु हुने गरेको पाइन्छ । आगो मानव जीवनयापनका लागि अपरिहार्य आवश्यकता हो । आगो बिना संसारको कल्पना पनि निरर्थक छ । आगो नभै नहुने वस्तु हो भने विनासको कारक तत्व पनि हो । यसको सदुपयोग सही ढंगबाट भएमा मानव जीवनलाई आरामदायी र सुखमय बन्नमा सहयोग पुग्छ तर यसको सानो लापरवाही वा दुरुपयोगले ठुलो प्रकोप ल्याउँदछ, र क्षणभर मै घर, गाँउ तहसनहस बनाई दिन्छ । प्राय गरेर जथाभावी आगो बाल्नु, आगो बालेको बेला बेजोडले हुरी बतास चल्नु, चट्याङ्ग पर्नु, स्टोभ वा ग्याँस सिलिन्डर पड्कनु, बिजुलीको भोल्टेज अचानक बढ्नु वा करेन्ट सट् हुनु, मैनबत्ती, तेलबत्ती बालेर ननिभाई छोड्नु, केटाकेटीले भेट्टाउने ठाँउमा सलाई लाइटर जस्ता वस्तु राख्नु आदि कुराहरुमा सावधानी पुराउन नसक्दा आगलागीका घटनाहरु हुने गर्छन् ।

जुनसुकै कारणबाट आगलागी भएपनि त्यसबाट हुने क्षतिबाट बच्न नआत्तिई र होसियार रहेर आगलागीको खबर तुरुन्तै छरछिमेकलाई दिनु पर्छ, आगलागी हुनासाथ तुरुन्तै बाहिर निस्कनु पर्छ, सकेसम्म बहुमुल्य सामानहरु लिएर बाहिर निस्कने, दमकल तथा एम्वुलेन्सलाई तत्काल खबर गर्ने, दमकल आउने बाटो खुल्ला गरी दिने, नजिकैको स्वास्थ्यकर्मी वा प्राथमिक उपचार टोलीलाई खबर गर्ने, आगलागीबाट चोटपटक लागेको भए तुरुन्त उपचारको व्यवस्था गर्ने, आफना कुनै व्यक्तिहरु घर भित्र रहेको आशंका भएमा तुरुन्त उद्धारकर्मीलाई खबर गर्ने, ग्याँसको सिलिण्डरमा आगो लागेमा तत्काल कम्बललाई पानीमा भिजाई छोपी दिने, आगलागी भएको घर वा क्षेत्र भित्र जानु परे तालिम प्राप्त व्यक्ति मात्र जाने जस्ता कुराहरु यथाशिघ्र अवलम्बन गर्नु पर्छ ।

आगलागीबाट बच्नको लागि सदैब सावधानी अपनाउने, सर्तक भएर बस्ने, जथाभावी आगो नबाल्ने, आगो प्रयोग गरिसकेपछि राम्ररी निभाउने, आगोजन्य बस्तु केटाकेटीको पहुँचबाट टाढा राख्ने, बिजुलीको वायरिङ्ग व्यवस्थित राख्ने, सकेसम्म घरको छाना खर र छ्वालीले नछाउने, खर तथा फूसले छाएका घरहरुमा टुकी र आगो बाल्दा सचेत रहने,

आगो फैलन सक्ने सुख्खा बस्तुहरु सुरक्षित राख्ने, समुदायहरुमा जनचेतनाको बिकास गर्ने, ग्याँस, स्टोभ, हिटरको प्रयोग गर्ने बिधि जानी राख्ने र उपयुक्त व्यवस्थापन गर्ने गर्नु पर्छ ।
तसर्थ आगलागीबाट हुने जनधनको क्षतिलाई संबोधन गर्न र आगलागीका घटना घट्न नदिन पूर्वतयारी गरी सबैलाई सचेत र सजग गराउन आगलागि संबन्धी पूर्वतयारी तथा प्रतिकार्य योजना प्रस्तुत गरिएको छ ।

### क) आगलागी पछिको अनुमानित परिदृश्य

- घर आवास नष्ट भएको, खाद्यान्न, लत्ता कपडा, कागजपत्रहरु जलेर नष्ट भई धन सम्पत्ति नष्ट भएको, मानिसहरुलाई आगोले पोलेको, चोटपटक लागेको अवस्था ।
- तत्कालको लागि आवास, खाद्यान्न तथा कपडाहरुको अभाव ।
- पशुपंक्षीकोलाई आवास तथा दानाको अभाव ।
- वातावरणीय समस्या तथा अस्तव्यस्त जनजीवन ।
- बिषेश प्रकारको स्याहार आवश्यकता पर्ने गर्भवती, सुत्केरी, बालबच्चाहरु, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई तत्काल सेवा सुविधाको आवश्यकता ।

### ख) उद्देश्य

- आगलागीबाट प्रभावित व्यक्तिहरुको लागि सुरक्षित तथा आरामदायी आवास, खाद्यान्न, औषधोपचारको साथै उनीहरुका बस्तुभाउको उचित व्यवस्थापन गर्नु ।
- आगलागीका घटनाहरु दोहरिन नदिन सचेतना तथा पूर्वतयारी गर्नु ।

### ग) मानवीय सहयोग सम्बन्धी मापदण्ड

१. औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको आवास क्षेत्र उपलब्ध हुनु पर्छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४ह ५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री आवश्यक हुन्छ ।
२. दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा एक सेट कपडा ।
३. महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एकसेट कपडा । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीहरुको आपूर्ति ।
४. प्रत्येक परिवारसँग एक सेट भाँडा ।
५. प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्न (चामल-प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, दाल-प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, वनस्पति तेल-प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि., नुन-प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम)
६. विरामी तथा घाइतेको लागि उपचारको व्यवस्था ।

### घ) प्रमुख कियाकलापहरु :

१. उपलब्ध सार्वजनिक स्थलहरुमा अस्थायी आवाशको व्यवस्था गर्ने ।
२. आगलागी सम्भावित गाविसहरुमा पानीका स्रोतहरु कुवा, इनार, पोखरीहरुको मर्मत संभार गर्ने ।
३. डोरी, बोरा, कपडा आदि तयारी अवस्थामा राख्ने ।
४. कुटो, कोदालो, साबेल आदि सजिलै भेट्ने ठाँउमा राख्ने ।
५. दमकलको व्यवस्था गर्ने, सम्पर्क फोन नं. राख्ने ।

**आगलागी रोकथाम तथा न्यूनीकरण कार्यमा संलग्न संघ संस्थाहरु**

| क्र. स. | संस्थाको नाम | भूमिका | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | जि.वि. व्या.समिति | अगुवा संस्था | प्र.जि.अ | ०७६ ५६०११५ |
| २ | जिसस | सहयोगी संस्था | प्रमुख | ०७६५६०००५ |
| ३ | नेपाली सेना | सहयोगी संस्था | गुल्म पति | ०७६५६००१६ |
| ४ | नेपाल प्रहरी | सहयोगी संस्था | प्रहरी उपरिक्षक | ०७६५६०४६५/१०० |
| ५ | नेपाल रेडक्रस | सहयोगी संस्था | सभापती | ०७६ ५६००१५ |
| ६ | सशस्त्र प्रहरी | सहयोगी संस्था | स.प्र.उ. | ०७६५६१०५९ |
| ७ | पत्रकार महासंघ | सहयोगी संस्था | अध्यक्ष | ९८४७०६११९७ |

**विद्यमान श्रोत तथा क्षमता**

| क्र. स. | कार्यालय/संस्थामानवीय | मानवीय श्रोत | मौज्दात उद्दार सामग्री |
|---|---|---|---|
| १ | जिल्ला विपद् वयवस्थापन समिति | १५ जना | समन्वय, सञ्चार तथा परिचालन |
| २ | जिल्ला प्रहरी कार्यालय | २० जना | गैंची,वेल्चा,डोर |
| ३ | सशस्त्रप्रहरी कार्यालय | ४० जना | डोरी १०० मिटर, गैची, वेल्चा,डोर |
| ४ | नेपाली सेना. | ३० जना | गैंची, वेल्चा ,डोरी |
| ५ | कपिलवस्तु न.पा. | चालक, कर्मचारी | दमकल |
| ६ | कृष्णनगर नगरपालिका | चालक, कर्मचारी | दमकल |
| ७ | रेडक्रस | ५ जना | गैर खाद्य सामग्री |
| ८ | इन्द्रेणी | २ जना | गैंची,वेल्चा,डोरी |

**विपद् पश्चात गरिने प्रतिकार्य योजना** (Response Plan)

| क्र. स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | समन्वय वैठक | जि.वि.व्या.स. | सूचना पछि तुरुन्त |
| २ | परिस्थितीको लेखाजोखा, कार्यदल गठन, कार्य योजना निर्माण | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | सूचना पछि तुरुन्त ( ३ घण्टा भित्र) |
| ३ | आगलागी प्रभाबित पहिचान एकिन भए पछि परिचय पत्र वितरण | जि.वि.व्या.स. | २ दिन भित्र |
| ४ | सुरक्षित स्थलको पहिचान र बसोबास व्यवस्थापन | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | २ दिन भित्र |
| ५ | स्वास्थ्य तथा सुरक्षाको व्यवस्था | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | पहिलो दिन देखि |
| ६ | खानेपानी सरसफाईको व्यवस्था | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | २४ घण्टा भित्र |
| ७ | किट, चटाई, भाँडाकुँडा, कपडा, चुल्हो दाउरा जस्ता गैरखाद्य सामग्रीको व्यवस्था | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | पहिलो दिन देखि |
| ८ | खाद्य सामग्रीको व्यवस्था तथा वितरण | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | पहिलो दिन देखि |
| ९ | पुनर्स्थापनाको लागि कार्य | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | १ महिना भित्र |
| १० | स्थास्थ्य, सुरक्षा, सरसफाई जस्ता विषयमा विभिन्न निकाय सँग समन्वय गरीचेतनामूलक क्रियाकलाप | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | पहिलो हप्ता |
| ११ | समिक्षा, मूल्यांकन र प्रतिवेदन दिने | जि.वि.व्या.स. | नियमित र साप्ताहिक |

**आगलागी रोकथाम तथा न्यूनीकरणका लागि पूर्व तयारी योजना**

| क्र. स. | प्रमुख कार्यहरु | जिम्मेवार निकाय | समय सिमा |
|---|---|---|---|
| १ | सम्भावित जोखिम हुने क्षेत्र पत्ता लगाउन बैठक | जि.वि.व्या.स. | बैशाख १५ भित्र |
| २ | सम्भावित जोखिम हुने क्षेत्रमा स्थानीय संस्था सरकारी निकाय, समाज सेवी,बुद्धिजीवी राखी पूर्वतयारी संम्वन्धिअन्तरक्रिया गोष्ठी गर्ने । | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | बैशाख २५ भित्र |
| ३ | जोखिमक्षेत्रको उद्धारका लागि प्रशिक्षण दिने । | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरुरु | जेठको पहिलो हप्ता |
| ४ | दमकल व्यवस्थापनको लागि कपिलवस्तु नगरपालिकाको क्षमता तथा कोष अभिबृद्धि गर्ने र अन्य नगरपालिकाहरु सँग दमकल सञ्चाालनको लागि योजना बनाउने ॥ | स्थानिय तहहरु | फागुनको दोस्रो हप्ता |
| ५ | उद्धार सामाग्रीहरुको सूची तयार र खरिद | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | जेठ १५ भित्र |

| | | | |
|---|---|---|---|
| ६ | उद्दार सामाग्री प्राप्ती,खरिद तथा भण्डारण | जि.वि.व्या.स.तथा क्लस्टरका सदस्यहरु | जेठ २० भित्र |
| ७ | आवश्यक सामग्रीहरुको विवरण :<br><br>डोरी : १००मि.<br>स्ट्रेचरः २५ वटा<br>हेल्मेटः १०० वटा<br>कोदालो : ५० वटा<br>बेल्चा ५० वटा<br>ब्याकप्याग फोर्स<br>फायर इस्टिंग्यूसर<br>अग्नि प्रतिरोधक सुट | दमकल<br>एम्बुलेन्स<br>सवारी साधन<br>इन्धन<br>प्राथमिक उपचार बाकस : १५ वटा | |

**आवश्यक बजेट**

| क्र.सं. | आवश्यक सामग्री | ईकाई | परिमाण | दर | बजेट |
|---|---|---|---|---|---|
| १ | समन्वय वैठक | पटक | ४ | १००० | ४००० |
| २ | सुरक्षित स्थानको पहिचान र बसोबास व्यवस्थापन | पटक | १ | ५००० | ५००० |
| ३ | खानेपानी सरसफाई व्यवस्था( १०हे.पाइप र २० शौचालय) | धारा/शौचाल | ३० | १०००० | ३००००० |
| ४ | चटाई,भाडाकुडा,कपडा,चुल्हो दाउरा | परिवार | ३००० | १०० | ३००००० |
| ५ | खाद्य सामग्री व्यवस्था र वितरण | परिवार | १०० | २५०० | २५०००० |
| ६ | स्टेचर | थान | २० | १५०० | ३०००० |
| ७ | बेल्चा | थान | ५० | १७५ | ८७५० |
| ८ | कोदालो | थान | ५० | २०० | १०००० |
| ९ | बन्चरो | थान | १० | १७५ | १७५० |
| १० | हेल्मेट | थान | ५० | ४०० | २०,००० |
| ११ | खुकुरी | थान | १० | २०० | २००० |
| १२ | प्राथमिक उपचार बाकस | थान | २५ | ५०० | १२५०० |
| १३ | पुर्नस्थापनको लागि निर्माण सामग्री | परिवार | १०० | १०००० | १०,००००० |
| १४ | सचेतना तालिम | जना | १ | २५००० | २५००० |
| १५ | ब्याकप्याक फोर्स | थान | १० | ३०००० | ३००००० |
| १६ | फायर इस्टिंग्यूसर | थान | १० | २००००-६०००० | २००००-६०००० |
| १७ | अग्नि प्रतिरोधक सुट | थान | १० | १०००० | १००००० |
| १८ | अनुगमन | पटक | २ | ५००० | १०००० |
| | जम्मा | | | | **२५७१०००** |

## ५.७ भूकम्पीय विपद् प्रतिकार्य तालीका

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| ० देखि १ दिन | भूकम्पीय विपद्को जानकारी दिने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | विपद्बाट भएको प्रभावको प्रारम्भिक सूचना लिने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| | प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने<br>खोज तथा उद्धार कार्यमा हेबि ईक्यूपमेन्टस परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल,<br>सडक डिभिजन कार्यालय,स्थानीय तह, निर्माण व्यवबसयी , | |
| | **<u>जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक वैठक बस्ने</u>**<br>विपद् सुचना अधिकारी सुनिश्चित गर्ने<br>जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई कार्यविधि अनुसार सक्रिय बनाउने | प्रमुख जिल्ला अधिकारी | |
| | स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | प्राथमिक उपचारक र एम्वुलेन्स सेवा परिचालन गर्ने गराउने | जिल्ला स्वास्थ्य कार्यालय/नेरेसो, स्थानीय तह, एम्वुलेन्स सञ्चालक समिति | |
| | घाईतेहरुलाई तत्काल उपचारको व्यवस्था मिलाउने | राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जिल्ला स्वास्थ्य कार्यालय,राप्ती अञ्चल अस्पताल, निजि अस्पतालहरु | |
| | स्थल मार्गबाट उद्धार गर्न नसकिने प्रभावितहरुलाई हेलिकप्टर परिचालनका लागि प्रदेश र केन्द्रमा अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | थप खोज उद्धार टोलीको लागि गृह मन्त्रालयमा अनुरोध गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | |
| | बिषयगत क्षेत्रगत निकायहरुलाई सक्रिय बनाउने, समन्वय गर्ने<br>बिषय क्षेत्रगत निकायहरुको वैठक बस्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>बिषय क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | स्थानीय तहको समन्वयमा विस्थापितहरु रहेको स्थान बारे जानकारी लिने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कायसंचालन केन्द्र | |
| | प्रारम्भिक द्रुत लेखाजोखाका लागि टोली परिचालन | स्थानीय तहका प्रमुख, जिल्ला विपद् व्यवस्थापन समिति | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | प्रभावित क्षेत्रसम्मको पहुँचको बारेमा जानकारी लिने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| | प्रभावित समुदायहरुलाई विपद् प्रतिकार्यका लागि भए गरेका प्रयासहरु तथा सावर्जनिक आह्वान विषयक सूचनाहरु प्रवाह गर्ने । | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र<br>पत्रकार महासंघ/सञ्चार माध्यमहरु | |
| | विस्थापितहरुलाई तयारी खाना, पानीको व्यवस्था गरी बितरण गर्ने | स्थानीय तह, उद्योग बाणिज्य संघ | |
| | विस्थापितहरुलाई त्रिपाल उपलब्ध गराई आश्रय स्थलको व्यवस्था मिलाउने | स्थानीय तह/नेपाल रेडक्रस सोसाइटी/सघन शहरी बिकास तथा भवन निर्माण आयोजना | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| दोश्रो दिन | विपद् प्रतिकार्य र पराकम्पनबाट आउनसक्ने जोखिम सम्बन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्न थप टोली परिचालनलाई निरन्तर्ता गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक थप टोली परिचालन गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | राहत बितरण कार्यलाई समन्वय गरी एकद्वार प्रणाली मार्फत बितरणको प्रबन्ध मिलाउने | जिल्ला विपद् व्यवस्थान समिति | |
| | विस्तपितहरुलाई तयारी खाना, खानेपानीको थप व्यवस्था गर्ने | स्थानिय तह/जिल्ला विपद् व्यवस्थापन समिति/उद्योग बाणिज्य संघ | |
| | विस्थापितहरुलाई गैरखाद्य सामाग्री र तयारी खाना पानी थप बितरण गर्ने | उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, | |
| | प्रारम्भिक द्रुत लेखाजोखा तथ्यांक समायोजन गरी अनुमोदन गर्ने र लेखाजोखा समन्वय टोली (ACT) परिचालनका लागि राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) सँग अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| | प्रारम्भिक द्रुत लेखाजोखा प्रतिबेदन तयार गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| | विस्थापित भएकाहरुलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | | निर्माण आगोजना/नेरेसो | |
| | प्रभावितहरुको खोज तथा उद्धारगरी तिनीहरुलाई तत्काल आवश्यक पर्ने खाद्यान्न र न्यूनतम मानवोचित सामग्री र स्वीकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने | प्रमुख जिल्ला अधिकारी | |
| | घाईते तथा बिरामीहरुको उपचारको निःशुल्क उपचारको व्यवस्था मिलाउने | कपिलवस्तु अस्पताल, स्वास्थ्य कार्यालय, पालिकाका निजी अस्पतालहरु | |
| | सामुदायीक र जिल्ला द्रुत प्रतिकार्य टोली(CRRT/RRT)समूहको वैठक बसी टोली परिचालन गर्ने | स्वास्थ्य कार्यालय | |
| | बिषय क्षेत्रगत निकायहरुको वैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | शिबिरहरुमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| तेश्रो दिन | विपद् प्रतिकार्य र पराकम्पनबाट आउनसक्ने जोखिम सम्वन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रीत गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन निरन्तर्ता गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | विस्थापित भएकाहरुलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आगोजना/नेरेसो | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग | जिल्ला विपद् व्यवस्थापन समिति | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | उपलब्ध गराउने | | |
| | राहत बितरण कार्यलाई थप प्रभावकारी बनाई निरन्तर्ता दिने | जिल्ला विपद् व्यवस्थापन समिति,स्थानीय तह | |
| | जिल्ला विपद् प्रतिकार्य टोली (DDRT)लाई परिचालन गर्ने | नेरेसो | |
| | अति संकटासन्न अबस्थामा रहेका समूहरुलाई बिशेष निगरानी तथा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय<br>स्थानीय तह स्थानीय स्वास्थ्य संस्था | |
| | प्रभावित क्षेत्रमा हुन सक्ने महिला हिसांका गतिविधिका सम्वन्धमा विशेष निगरानी राख्ने तथा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष सरंक्षणको प्रवन्ध मिलाउने | स्थानीय तहका महिला बालबालिका तथा सामाजिक बिकास शाखा,<br>जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्य गर्ने निकायहरु | |
| | खाद्य तथा गैरखाद्य सामाग्रीहरु,सूक्ष्म पोषण तथा बालभिटा लगायत पोषणयुक्त खाना बितरण गर्ने | स्थानीय तह, नेरेसो, जिल्ला स्वास्थ्य कार्यालय,अन्य सहयोगी निकायहरु | |
| | बिषय क्षेत्रगत निकायहरुको वैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | भग्नाबशेषलाई पन्छाउने कार्य गर्ने | सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | शिबिर वा अस्थायी आश्रय स्थलहरुमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| | न्यूनतम प्रजनन स्वास्थ्य सेवा (Minimum Initial Service Package-MISP)कार्यान्वयन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, स्थानीय तह स्वास्थ्य संस्थाहरु | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति,<br>जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| चौथो दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्बन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रीत गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन निरन्तर्ता गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | राहत बितरण कार्यलाई निरन्तरता दिने | जिल्ला विपद् व्यवस्थान समिति, स्थानीय तह | |
| | खानेपानी, सरसफाई र स्वच्छताका गतिबिधिहरु संचालन गर्ने | खानेपानी तथा सरसफाई डि. कार्यालय, स्थानीय तह | |
| | विपद्बाट अबरुद्ध सडक सञ्जाल मर्मत गरी तत्कालका लागि संचालनमा ल्याउने | सडक निर्माण डिभिजन कार्यालय, स्थानीय तह | |
| | विस्थापित भएकाहरुलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आयोजना/नेरेसो | |
| | प्रभावित समुदायलाई नेपाल सरकारको स्विकृत मापदण्ड बमोजिम नगद तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | |
| | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने | स्थानीय तह | |
| | बिषय क्षेत्रगत निकायहरुको वैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | शिबिरहरुमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| पाँचौं दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्बन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रीत गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका ब्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | विस्थापित भएकाहरुलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आगोजना/नेरेसो | |
| | प्रभावितहरुको पहूँचसम्म राहत सहायता नपुगेको स्थानहरुमा थप राहत बितरणको व्यवस्था गर्ने | स्थानीय तह<br>जिल्ला विपद् व्यवस्थापन समिति, | |
| | अस्पताल, स्वास्थ्य केन्द्र,आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युतिय सेवा र सञ्चार सेवा उपलब्ध गराउने | नेपाल बिद्युत प्राधिकरण कार्यालय,<br>नेपाल टेलिकमको कार्यालय | |
| | थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | बिषय क्षेत्रगत निकायहरुको वैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | शिबिरहरुमा बिद्युत तथा सञ्चारको प्रबन्ध मिलाउने | नेपाल बिद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| छैटौं दिन | विपद्प्रतिकार्य र पराकम्पीय जोखिम सम्बन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रीत गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>➢ खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>➢ खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>➢ पारिवारिक सम्पर्क नभएका व्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | विस्थापित भएकाहरुलाई त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आगोजना/नेरेसो | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | स्विकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने<br>थप आवश्यक पर्ने राहतका लागिसमन्वय गरी माग गर्ने र बितरणको व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह | |
| | बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| सातौं दिन | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्बन्धी सूचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतीय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>➢ खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>➢ पारिवारिक सम्पर्क नभएका व्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | विस्थापित भएकाहरुलाई थप त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आगोजना/नेरेसो | |
| | बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | स्विकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने र<br>थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी बितरणको व्यवस्था मिलाउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | प्रभाावित क्षेत्रमा खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ सुरक्षित वातावरणको प्रत्याभुति दिने विशेषगरी लङ्गैगिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने | स्थानीय तह, महिला बालबालिका तथा सामाजिक बिकास शाखा | |
| | विस्थापितहरुलाई गैरखाद्य र खाद्य सामग्रीको सेट वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी/स्थानीय तह<br>खाद्य सुरक्षा नेतृत्व गर्ने निकाय, विश्वखाद्य | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | | कार्यक्रम | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनगुमन र प्रतवदेन तयार गर्ने | जिल्ला विपद्व्यवस्थापनसमिति | |
| | आवश्यकताको आधारमा बिपद **<u>लेखाजोखा मार्गदर्शन २०७२</u>** अनुसार थप लेखाजोखाका औजारहरुलाई सक्रिय बनाउने (MIRA/CSDA) | जिल्ला विपद्व्यवस्थापनसमिति<br>बिषय क्षत्रगत नेतृत्व गर्ने निकायहरु र सहयोगी निकायहरु | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद्व्यवस्थापनसमिति | |
| | प्रभावित परिवारको दर्ता गर्ने, प्रभावितको लागि परिचयपत्र उपलब्ध गराउने । | स्थानीय तह/जिल्ला विपद्व्यवस्थापनसमिति/जिल आपत्कालन कार्यसंचालन केन्द्र | |
| | प्रतिकार्यका लागी भए गरेका कार्यहरुको अबस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| दोश्रो हप्ता | विपद् प्रतिकार्य र पराकम्पीय जोखिम सम्वन्धि सुचना प्रकाशन प्रशारण गर्ने | भूकम्प मापन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, बिद्युतिय सञ्चार माध्यमहरु | |
| | बढी प्रभावित क्षेत्रमा केन्द्रित गरी खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>खोज तथा उद्धारका लागि तत्काल निर्देशन दिने र खोज उद्धारका लागि सुरक्षा निकाय परिचालन गर्ने | नेपाली सेना, नेपाल प्रहरी,<br>सशस्त्र प्रहरी वल, | |
| | बढी प्रभावित क्षेत्रहरुमा स्वयंसेवक कार्यदल परिचालन<br>खोज उद्धार तथा प्राथमिक उपचारका लागि स्वयंसेवक टोली परिचालन गर्ने<br>पारिवारिक सम्पर्क नभएका व्यक्तिहरुको खोजिकार्य गर्ने | नेपाल रेडक्रस सोसाइटी | |
| | DDRT/NDRT/RDRTटिमहरु र विषयगत टोली परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी | |
| | हेबि ईक्युपमेन्ट सहित भूकम्पबाट क्षति भएका भग्नाबशेसलाई हटाउने कार्य गर्ने | जिल्ला विपद्व्यवस्थापनसमिति<br>स्थानीय तह, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी संघ | |
| | विस्थापित भएकाहरुलाई थप त्रिपाल बितरण र अस्थायी आश्रयस्थल निर्माण गर्ने | स्थानीय तह/सघन शहरी बिकास तथा भवन निर्माण आगोजना/नेरेसो | |
| | बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | |
| | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने | प्रमुख जिल्ला अधिकारी | |

| समायावधि | प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | थप आव्श्यक पर्ने राहतका लागी समन्वय गरी स्विकृत मापदण्ड बमोजिम बितरणको व्यवस्था मिलाउने | जिल्ला विपद्व्यवस्थापनसमिति<br>स्थानीय तह | |
| | प्रभाावित क्षेत्रमा खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको प्रत्यभूति दिने विशेषगरी लैङ्गिक हिंसा नियन्त्रण गर्न विशेष ध्यान दिने | स्थानीय तह, महिला बालबालीका तथा सामाजिक बिकास शाखा | |
| | थप गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी/स्थानीय तह | |
| | थप अस्थायी शिबिर व्यवस्थापन गर्ने | आवाश बिषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, अन्य सहयोगी निकायहरु | |
| | मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनगुमन  र प्रतवदेन तयार गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | शव व्यवस्थापन निर्देशिका बमोजिम मृत्युभएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | मरेका पशु चौपायाको व्यवस्थापन गर्ने | पशु अनुसन्धान केन्द्र | |
| | बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) को तथ्यांक संकलन तथा अभिलेखिकरण गर्ने<br>र बिषय क्षेत्रगत बिस्तृत लेखाजोखा (CSDA)लाई सक्रिय बनाउन गृहमन्त्रालयमा अनुरोध गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति<br>बिषय क्षत्रगत नेतृत्व गर्ने निकायहरु र सहयोगी निकायहरु, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |
| | बिस्थापित तथा प्रभावितहरुका लागि खाद्यान्न बितरण गर्ने<br>राहतका थप कार्यलाई निरर्न्ता दिने | स्थानीय तह/खाद्यान्न नेतृत्व गर्ने बिषय क्षेत्रगत निकाय र सहयोगी निकाय, जिल्ला बिपद व्यवस्थापन समिति | |
| | स्विकृत मापदण्ड अनुसार प्रभावितहरुलाई नगद तथा अन्य अत्यावश्यक सहयोग उपलब्ध गराउने | जिल्ला विपद् ब्यवस्थापन समिति | |
| | प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अबस्था बारे राष्ट्रिय र प्रदेश आपत्कालीन कार्यसंचालन केन्द्र(NEOC/PEOC)मा जाहेरी गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र | |

## ७. कार्यान्वयन तथा पुनरावलोकन रणनीति कार्यान्वयन समय तालिका

विपद् पूर्वतयारी तथाप्रतिकार्य योजनामा उल्लेखित प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको प्रभावकारी कार्यान्वयन गरिने छ । यसका निम्ति सवै निकायहरुले पूर्वनिर्धारित पूर्वतयारी प्राथमिकता प्राप्तकार्य सम्पादनका लागि फोकल पर्सनको रुपमा जिम्मेवार कर्मचारी तोक्नु पर्दछ । यो एक गतिशील जीवन्त योजना भएकोले यसलाई समय सापेक्ष आवश्यकताअनुसार परिमार्जन गरिने छ । प्रत्येक वर्ष कम्तिमा १ पटक यस योजना पुनरावलोकन गरिने छ । विषयगत क्षेत्रहरुले आफ्नो क्षेत्रमा नियमित समिक्षा गरी जिल्ला विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्नु पर्ने छ । साथै सबै स्थानीय तहहरुले पनि यसै योजनाको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन पर्नेछ ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने समयतालिका**

| योजनापुनरावलोकन गरीने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्यकार्य (वैठक गर्ने वजेट व्यवस्थाआदि) | अर्को योजनापुनरावलोकन वाअद्यावधिक गर्ने वैठकको प्रस्तावित मिति |
|---|---|---|---|
| हरेक बर्ष | जिल्लाविपद् व्यवस्थापन समिति | योजना समिक्षाको लागि वैठक गर्ने ।<br>आवश्यकतानुसार योजनामा परिमार्जन गर्ने ।<br>बजेट तथा सामाग्रीको व्यवस्था गर्ने । | २०७७असार |

यो विपद् पूर्वतयारी तथाप्रतिकार्य योजना २०७७कार्यान्वयनकालागिजिल्लाविपद् व्यवस्थापन समितिको निर्णयद्वारा कार्यान्वयनमा ल्याइनेछ ।

### ८. प्रतिवेदन तथा अभिलेखन र सूचनाप्रवाह

- जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ लाई चौथो अद्यावधिक गरी २०७७ बनाउने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिको जिल्लास्तरीय कार्यशाला, वैठकले गरेका निर्णयहरु, प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने क्रममा भएका क्षेत्रगत रुपमा बसेको वैठक, स्थानीय तहसग भएको छलफल लगायतका सम्पूर्ण प्रकृयाहरुलाई प्रतिबेदनमा समेटिएको छ ।
